*प्रधान सम्पादक*

**संघनायक भिक्षु अश्वघोष महास्थविर**

**४२५९११० (संघाराम विहार, ढल्को)**

*प्रकाशक र विशेष सल्लाहकार*

**भिक्षुणी धम्मवती**

फोन: ४२५९४६६

*सम्पादक*

**भिक्षुणी वीर्यवती**

**फोनः ४२५९४६६**

*सम्पादन सहयोगी*

**भिक्षुणी शुभवती**

*व्यवस्थापकहरू*

**चिनीकाजी महर्जन**

फोन: ९८४१२५२६६२

**ज्ञानेन्द्र महर्जन**

फोन: ४२७५३७७, ९८४१३६६५१४

**ध्रुवरत्न स्थापित**

फोन: ९८४१२६३३५५

*सह-व्यवस्थापक*

**इन्द्रमान महर्जन**

फोन: ९८४१४३४५७२

*कार्यालय*

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

**धर्मकीर्ति विहार**

श्रीघ: नघ:टोल

पोष्ट बक्स नं. ४९९२, काठमाडौं

फोन: ४२५९४६६

बुद्ध सम्बत् २५६२

नेपाल सम्बत् ११३९

इस्वी सम्बत् २०१९

बिक्रम सम्बत् २०७५

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | २०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | १००/- |
| यस अङ्कको | रु. | १०/- |


# धर्मकीर्ति


## (बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A Buddhist Monthly

**21st JANUARY 2019**

| वर्ष- ३६ | अङ्क- १० | मिला पुन्हि | माघ २०७५ |
|---|---|---|---|


अरूलाई दु:ख दिई आफ्नो सुखको इच्छा गर्ने, वैरी रूपी वन्धनले बाँधिएको व्यक्तिसंग वैरभाव खाली हुँदैन ।

गर्नुपर्ने कर्त्तव्य पूरा नगरी गर्न नहुने कार्य गरी अभिमानी, अहंकारी भइरहेका व्यक्तिहरूको आश्रव बढ्दैजान्छ ।

असत्यवादी गरेर पनि गरेको छैन भनी झूठो कुरा गर्ने व्यक्ति नर्कमा पतन हुन्छ । यी दुबै प्रकारको हीन कार्यगर्ने दुबै व्यक्ति नर्कमा पुगी समान हुन जान्छन् ।

पापकर्म नगर्नु नै असल । पापकर्म गर्ने व्यक्तिलाई पछि पश्चातापको आगोले पोल्नेछ । शुभकर्म गर्नु असल छ । जुन कार्य गर्दा पछि ताप हुने छैन ।

Downloaded from http://www.dhamma.digital

## ▪ सम्पादकीय ▪

# नदीमा नुहाउँदैमा पाप पखालिन्छ र ?

भगवान् बुद्धले भन्नु भएको छ,

**“सब्ब पापस्स अकरणं–कुसलस्स उपसम्पदा**
**सचित्तपरियोदपनं–एतं बुद्धानु सासनं”**

कुनै पनि पाप कर्म नगर्नु, कुशल पुण्यकार्यहरू सञ्चय गर्नु । आफ्नो चित्त परिशुद्ध गर्नु । यहि (पहिलादेखि) बुद्धहरूले दिनुभएको उपदेश हो ।

*– धम्मपद, भिक्षु अमृतानन्द,*
*पेज ८३, गाथा नं १८३*

माथि उल्लेखित बुद्ध वचनलाई एकपटक ध्यान दिऔं । हामीले पाप कर्म नगरी पुण्यकार्यहरू मात्र गरेर पनि पुग्दैन । सबभन्दा महत्त्वपूर्ण कार्य त आफ्नो चित्तलाई परिशुद्ध पार्नुपर्ने रहेछ । धेरै जसो व्यक्तिले चित्त शुद्ध पार्ने विषयलाई बुझ्न सकिरहेको देखिदैन । यस विषयलाई बुझ्न त्यति सजिलो पनि छैन । किनभने हामीले चित्त वा मनलाई हाम्रो मासुको आँखाले देख्न सक्दैनौं । तर त्यही मनले(चित्तले) यस संसार चलाइरहेको छ । यो गम्भिर विषयलाई बुझ्नको लागि हामीले बुद्ध शिक्षा “अभिधर्म अध्ययन गर्न पाए धेरैं सहयोग मिल्नेछ ।

यस विषयको सन्दर्भमा बुद्धकालिन एक घटना यहाँ प्रस्तुत गरौं ।

भगवान् बुद्धका प्रमुख दाता श्रावस्ती निवासी अनाथपिण्डिक महाजनका दासदासीहरू मध्ये एक पूर्णिका दासी पनि थिइन् ।

एकदिन आजभोलीको जस्तै पौष/माघ महिना तिर बिहान सबेरै पूर्णिका दासी घैंटो बोकी पानी भर्न नदीतर्फ गएकी थिइन् । त्यसबेला घरघरमा धारा नभएकोले नदीमा पानी लिन जानुपर्ने अवस्था भएको कुरा यस घटनाले प्रष्टाइरहेको छ । त्यसबेला दासी पूर्णिकाले नदीमा एक ब्राह्मण थरथर काँप्दै स्यू स्यू कराउँदै धोती एउटा मात्र लगाई पानीमा डुबुल्की लगाउँदै थियो । यो दृष्य देखेपछि पूर्णिका दासीले उक्त ब्राह्मण बाजेसंग यसरी प्रश्न गरिन्–

“बाजे ! म त यसरी पानी लिन आइन भने मालिकले गाली गर्ला र रिसाउला भन्ने डरले यस्तो ठिराउनें चीसो, जाडो पनि सहँदै नदीमा पानी भर्न आएँ । तर तपाइँ यसो मुटु काँप्ने जाडोमा पनि थरथर काँप्दै नुहाइरहनु भएको छ । कसले गाली गर्ला भन्ने डरले नदीमा नुहाइरहनु भएको ?”

दासी पूर्णिकाको कुरा सुनी ब्राह्मणले भन्यो–

“कसैको पनि डर भरले नुहाइरहेको होइन । म आफ्नो पाप बगाउन नुहाइरहेको नि । नदीको पानीमा नुहायो भने यस शुद्ध पानीले पाप सबै बगाएर लान्छ भन्ने कुरा थाहा छैन तिमीलाई ?”

ब्राह्मण बाजेको कुरा सुनी अचम्म मान्दै पूर्णिकाले जवाफ दिइन–

“ए ! नदीको पानीमा नुहाएपछि पाप सबै बगाउँछ ? यो पानीले पाप मात्र बगाउँछ र ? यसले त बाजेले गरिरहेको धर्म पनि त बगाउँछ नि । पानीले धर्ममात्र जम्मा पारेर पाप मात्र बगाउन जान्छ र ? बाजेले धर्म के हो भन्ने कुरा राम्ररी बुझ्नु भएको नै रहेनछ । भगवान् बुद्धले भन्नुभए अनुसार त हामीले छलकपट नभएको शुद्ध मनले काम गर्ने र कुरा गर्ने बानी बसाल्यौं भने त्यही धर्म हुन्छ । इमान्दार बनी आ-आफ्नो कर्त्तव्य पालन गर्न सक्यौं भने त्यही धर्म बन्छ । आफूले सक्दो अरूलाई उपकार कार्य गर्न सक्यौं भने त्यही धर्म बन्छ । नुहाउँदैमा पाप काटिन्छ र धर्म पालन हुन्छ भने त पानीमा रहेका माछा, भ्यागुता र गोही आदी जलचर प्राणीहरू सबै हामी भन्दा धर्मात्मा हुने भयो नि होइन र ?

पूर्णिका दासीको यो कुरा सुनी ब्राह्मण बाजेले विचार गर्‍यो–



Downloaded from http://www.dhamma.digital

"यो नानीले त गजबको कुरा सुनायो बा ! यस्तो ज्ञानको कुरा त आज मात्र सुन्ने मौका पाएँ मैले । हुन पनि हो नदीको पानीमा नुहाएर पाप पखालिने हो र ? धर्म पनि त पखालिन्छ नि । पानीले त सबै पखाल्ने काम गर्छ । मति राम्रो भए पो गति राम्रो हुन्छ । पाप र धर्म त मनले नै संगाल्ने हो नि । शरीरले होइन ।"

यसरी बुद्ध शिष्य पूर्णिका दासीले दिएको सल्लाह ब्राह्मणबाजेलाई साह्रै चित्त बुझी ब्राह्मण बाजे बोध भएको कुरा बुद्धकालिन घटनाले वताइरहेको छ ।

हुन पनि हो नदीमा नुहाउँदैमा पाप पखालिने त पक्कै होइन । पाप र धर्म समेटीराख्ने मन नै प्रमुख हो । यही मनलाई हामीले शिक्षित बनाई आफ्नो र अरूको हित हुने काम गर्नु परेको छ। अनिमात्र समाजमा मानवताले स्थान लिनेछ मानवताले मात्र समाज, देश र संसारलाई स्वर्ग बनाउन सकिनेछ यस्तो कार्य गर्ने व्यक्तिले मरण पछिको स्वर्गको आशा गरिरहन नै पर्दैन ।

## धर्मकीर्ति विहारमा बुद्धपूजा र धर्मदेशना

| क्र.सं. | २०७५ साल | बुद्धपूजा गर्नुहुने गुरुमांहरू | धर्मदेशना गर्नुहुने गुरुमांहरू |
|---|---|---|---|
| १ | मंसिर २९ गते, शनिवार, अष्टमी | वीर्यवती | वीर्यवती |
| २ | पौष १ गते, आइतवार, संक्रान्ति | अमता | पञ्ञावती |
| ३ | पौष ७ गते, शनिवार, योमरी पुन्हि | श्रद्धाचारी | धम्मवती |
| ४ | पौष १५ गते, आइतवार, अष्टमी | अमता | पञ्ञावती |
| ५ | पौष २१ गते, शनिवार, औंशी | पञ्ञावती | चमेली |

## मैत्री केन्द्र बाल आश्रमका लागि चन्दा सहयोग

१) चुन्थी माया मानन्धर, बनेपाबाट – रु. १४,०००/–
२) डा. केशरी बज्राचार्य, पाटनबाट – रु. १२,०००/– तथा भोजन प्रदान ।
३) मङ्गलमान शाक्य, पाटनबाट भोजनको लागि रु. १,०००/–
४) रिंकु तुलाधर, भोताहिटी – रु. ५००/–
५) केशचन्द्र शाक्य, बनेपा – रु. ५००/–
६) प्रेमज्योति शाक्य, बनेपा – रु. ५००/–

## दैबया (कर्मया) लिला मांया सृष्टि

✍ लेलिन शाक्य

न्ह्याथे धाःसां मामं जन्म ब्यूम्ह
मांया थःगु स्याः थःगु ला हि
कां खू धुसी लाता लाती हे जूसां
धाइमखु गबलें मामं छिः

कतःया मिखाय् बांमलाःसा नं
मांया मिखाय् हिरा थें जुई
जीवन बरदान बियाः मामं
सृष्टि याम्ह थः पुता थःहे जुई

सुयात यई बुइवं अपाङ्ग जुइगु
दैवया लिला मांया सृष्टिया देछा
ताइमखु दुःख थथे धायव मामं
बरू ग्याई सुनां नं काइ धकाः मचा

कमय् याय फय्मा मफय्मा मचां
मांया बः कायगु थां खः कन्हय्या
मख्वइला मां नुगल मछिंकाः
सुस्त मनं छु याई धाय्वं मचाया

भाग्यया खेल खः कर्मया ध्वः
हुइमखु गुबलें च्वये धुंकूगु
याममाःगु सृष्टि यात मामं
मरू दोष छुं हे मांयात बीगु



Downloaded from http://www.dhamma.digital

# अग्रश्रावक राहुल (शिक्षाकामीमा अग्र)-२

✍ कल्याण मित्र सत्यनारायण गोयन्का

**प्रव्रज्याका लागि आमा-बुबाको अनुज्ञा आवश्यक-**

महाराज शुद्धोदनले जब राहुल प्रव्रजित भएको खवर पाए तब भगवान गौतम बुद्ध सामु आएर भन्नुभयो- "भन्ते ! भगवान म हजूरबाट एउटा वर चाहन्छु ।"

"महाराज ! तथागत यस्तो वर दिन सक्दैन ।"

"भन्ते ! जे ठीक छ, त्यही भन्नु ।"

भगवान, म भनुँ ? भगवान प्रव्रजित हुँदा मलाई ज्यादै दुःख भयो, त्यसपछि नन्द प्रव्रजित भयो, त्यसबेला अझ बढी दुःख भयो । फेरि राहुल प्रव्रजित हुँदा त अझ अधिक पीडा भयो ।"

"भन्ते ! छोरा प्रतिको बात्सल्यले मेरो छाला उप्केको छ, छाला भन्दा भित्र मासुलाई छेडेको छ, मासुभन्दा भित्र नसाहरूमा छेडेको छ, नसा भन्दा भित्र हाडमा छोएको छ । हाड भित्र छिरेर टुक्रा-टुक्रा बनाएको छ । भन्ते ! हुन सक्छ भने आमा-बुबाको अनुमति विना कसैलाई प्रव्रजित नगर्नु ।"

तब भगवानले शाक्य शुद्धोदनलाई धार्मिक कथा उपदेश दिएर सुखी तुल्याउनु भयो । तब महाराज शुद्धोदन आफ्नो आसनबाट उठेर गएपछि भगवानले भिक्षुहरूलाई सम्बोधन गर्नु हुँदै भन्नुभयो- "भिक्षुहरू ! आमा-बुवाको अनुमति नलिई कसैलाई प्रव्रजित नगर्नु, यस्तो गरेमा दोष लाग्नेछ ।"

**शिक्षाकामी राहुल**

एक समय भगवान आलवी नगरमा बिहार गरिरहनु भएको थियो । राहुल पनि त्यहीं थिए । श्रामणेर राहुल आयुष्मान सारिपुत्तका शिष्य थिए । कपिलवस्तुमा भगवानको आदेश अनुसार आयुष्मान सारिपुत्तले राहुललाई सात वर्षको उमेरमा प्रव्रजित गर्नु भएको थियो । आयुष्मान महामोग्गल्लान राहुलका आचार्य थिए । श्रामणेर राहुल एकदम नरम र अनुशासनप्रिय थिए । उनको अनुशासनलाई जाँच्नको लागि कहिले काहीं कोही-कोही भिक्षु राहुल परबाट आउँदै गरेको देखेर फोहोर भुईंमा फ्याँकिदिन्थे । यो कस्ले फोहोर गरेको भनि सोध्यो भने- श्रामणेर राहुलले गरेको भन्थे। राहुल यस्तो अवस्थामा कुनै जवाफ नदिइकन कुचो लिएर बढार्न थाल्थे ।

अग्गालव चैत्यमा उपासक र भिक्षुहरू राती धर्म-श्रवण गरेपछि आ-आफ्नो कोठामा सुत्न जान्थे । श्रामणेर भने त्यहीं दानशालामा कोही भिक्षु अथवा कोही गृहस्थ उपासक संगै सुत्दथे । यी सानो भिक्षु संग सुत्नाले स्थविर भिक्षु तथा उपासकहरूलाई समस्या हुन थाल्यो । उनीहरूले यस सम्बन्धमा भगवानलाई निवेदन गरे तब भगवानले नियम बनाएर संगै सुत्न रोकिदिए । यस पछि भगवान केही दिनको लागि कौशाम्बी जानुभयो । भगवान प्रतिको गौरव भाव र आयुष्मान राहुलको नरम स्वभावको कारण राहुल प्रति सबैको स्नेह थियो । त्यसैले विछ्यौना आदि मिलाई दिन्थे । तर भगवान द्वारा त्यहाँ सुत्न मनाही गर्नु भएपछि राहुल त्यहाँ सुत्न पाएन, कसैले उनको सुत्ने व्यवस्था नि गरिदिएन । आयुष्मान राहुलले पनि आफू सुत्नको लागि कोठा माग्न कसैकहाँ गएनन् । भगवानले बनाउनु भएको नियम प्रति उनको त्यत्तिकै गौरव भाव थियो । राहुल भगवानले उपयोग गर्ने सौचालयमा गएर सुत्न थाले ।

कौशाम्बीबाट फर्के पछि भगवान सौचालयमा जाँदा भित्र कोही थिए । भगवानले सोध्नु भयो- "भित्र को छ हँ ?"

"भन्ते, म राहुल हुँ" भन्दै त्यहाँबाट निस्किए ।

"यहाँ किन ? भगवानले सोध्नु भयो, तब राहुलले सबैकुरा बताए ।

श्रामणेर राहुल प्रति यस्तो अनादर देखेर भगवानले सारिपुत्तलाई सोध्नु भयो "सारिपुत्त ! रातमा राहुल कहाँ सुत्छ तिमीलाई थाहा छ ?"

"भन्ते ! थाहा छैन ।

"सारिपुत्त ! आज उनी सौचालयमा सुते ।"

सारिपुत्त ! श्रामणेरलाई यसरी छोडेर अन्य बालकहरूलाई प्रव्रजित गरेर के गर्छौ ? यस्तो परिस्थितिमा यहाँ प्रव्रजित हुन को आउला ? अब देखि बालकहरूलाई प्रव्रजित गरे पछि एक-दुई दिन आफूसंगै सुताउनु र तेस्रो दिनदेखि कोठाको व्यवस्था गरिदिनु ।" यसप्रकार भगवानले पूर्व नियमलाई संशोधन गर्नुभयो ।

साँझ धर्मसभामा भिक्षु राहुलको अनुशासनको बारेमा चर्चा-परिचर्चा भई रह्यो । भगवानले चर्चाको विषय सोध्नु भयो, कसैले बताईदिए । तब भगवानले भन्नुभयो- "भिक्षुहरू ! यस जन्ममा मात्र होइन पूर्व जन्ममा पनि राहुल अनुशासन प्रिय र शिक्षाकामी थिए ।

आयुष्मान राहुलको यस गुणको कारण भगवान्ले उनलाई शिक्षाकामीहरू मध्येमा अग्रको स्थान द्वारा प्रतिष्ठित गर्नुभयो ।

❀

एकसमय भगवान राजगृहको वेलुवन कलन्दकनिवापमा विहार गर्नुभयो, त्यस समय राहुल अम्वलट्ठिकामा रहन्थे । एकदिन साँझको साधना पछि भगवान राहुललाई भेट्न अम्बलट्ठिकामा जानुभयो । राहुलले भगवानलाई टाढैबाट देखे । तब भगवानलाई आसन बिछाई दिए र खुट्टा धुने पानीको व्यवस्था गरिदिए । भगवान खुट्टा धोई आसनमा बिराजमान हुनुभयो । तब भगवानले विभिन्न उपमाहरू दिएर आयुष्मान राहुललाई शिक्षा प्रदान



Downloaded from http://www.dhamma.digital

गर्नुभयो । "राहुल तिमीले यो सिक्नु पर्दछ कि 'म ख्याल ठट्टामा पनि भ्रूठो बोल्ने छैन ।"

त्यसपछि भगवानले ऐनाको उपमा दिएर राहुललाई बुझाउनु भयो कि पटक-पटक आफ्नो शरीर, वचन, तथा मनको कर्मलाई सुधार्नु पर्दछ ।

भगवान- "राहुल ऐना के गर्नको लागि हो ?

राहुल- जाँच्नको लागि, भगवान !"

भगवान- त्यस्तै नै, राहुल ! त्यस्तै पटक-पटक जाँचेर कायिक कर्म गर्नुपर्छ, पटक-पटक जाँचेर वाचिक कर्म गर्नुपर्छ, पटक-पटक जाँचेर मानसिक कर्म गर्नुपर्छ ।"

जब कायिक कर्म थाल्नेछौ तब जाँच्नु पर्दछ कि, यो जुन काम गर्दैछु यसले मलाई दुःख दिन्छ कि ? अथवा यसले अरू कसैलाई दुःख दिन्छ कि ? अथवा यस कार्यले हामी दुवैलाई दुःख दिन्छ ?

यदि यस्तो हो भने यो कायिक कर्म अकुशल हो, दुःख दिने हो, यस्को परिणामले पनि दुःख नै दिन्छ । यस प्रकारको कायिक कर्मबाट बच्नु पर्छ ।

त्यस्तै कुनै कायिक कर्म गर्न लागेको हो भने त्यसबाट मलाई पनि दुःख हुँदैन, अरू कसैलाई पनि दुःख हुँदैन र हामी दुबैलाई दुःख हुँदैन भने यो कायिक कर्म कुशल हो, यसले सुख दिन्छ, यसको परिणाम पनि सुखद नै हुन्छ । यस्तो कायिक कर्म गरिरहनु पर्छ ।"

त्यस्तै जुन कायिक कर्म गरिरहेका छौ त्यस समय पनि यस कर्म द्वारा कसैलाई दुःख हुन्छ कि, आफूलाई दुःख हुन्छ कि अथवा दुबैलाई दुःख हुन्छ ? त्यस्तो सोचेर गर्नुपर्छ । यदि यस्तो कायिक कर्मले अरूलाई दुःख हुन्छ भने त्यो अकुशल कर्म हो, यस्तो कर्मबाट सर्वदा बच्नु पर्दछ । र जुन कर्मले दुःख दिँदैन त्यस्तो कर्म कुशलकर्म हो, यस्तो कायिक कर्म गर्नुपर्दछ ।

त्यस्तै जुन कायिक कर्म पहिला गरिसकेको थियो, त्यसलाई पनि जाँचेर हेर्नु पर्छ कि त्यस कर्मले कसैलाई दुःख दिएको छैन, त्यसकर्मले मलाई दुःख दिएको छैन अथवा हामी दुबैलाई दुःख दिएको त छैन ? यदि यस्तो हो भने त्यो अकुशल कर्म हो, त्यस्तो कर्म गर्नु हुँदैन, त्यस्तो कर्मको फल दुःखद नै हुन्छ । यस्तो कर्म पहिला गरेको भए आफ्ना आचार्य अथवा गुरुभाई सामू बताउनु पर्छ र यस्तो कार्य गर्नलाई संयमित हुनुपर्छ ।

"यदि मैले पहिला गरेको कायिक कर्मले मलाई दुःख भएन, त्यस्तै त्यस्तो कर्मले अरूलाई पनि दुःख भएन र हामी दुबैलाई दुःख भएन भने त्यस्तो कर्म कुशल कर्म थियो, सुख दिने खालको थियो, त्यसको परिणाम पनि सुखद नै थियो । यस्तो कायिक कर्मलाई समय समयमा सम्झेर खुसी हुँदै विचरण गर्नु पर्छ र दिन-रात यस्तै सोच्नु पर्छ कि म राम्रो भन्दा राम्रो कर्म कसरी गर्न सकूँ ।"

त्यस्तै वाचिक कर्म गर्दा पनि यसरी नै सोचेर गर्नु पर्दछ कि पहिला बोलेको वाचिक कर्म द्वारा, अहिलेको वाचिक कर्म द्वारा र भविष्यमा गरिने वाचिक कर्म द्वारा आफूलाई हानि भएको छ कि, अरूलाई हानि पुगेको छ कि अथवा दुबैलाई हानि पुगेको छ । पटक-पटक जाँचेर मात्र यस्तो कार्य गर्नुपर्दछ । यस्तो कर्म अकुशल कर्म हुन्, यसबाट दुःख नै हुन्छ, यस्तो कर्म कदापी गर्नु हुँदैन ।

जुन वचनद्वारा अरूलाई दुःख हुँदैन, आफूलाई पनि दुःख भएन र दुबैलाई दुःख भएन भने त्यस्तो कर्म कुशल कर्म हो यस्तो कर्मको फल सुखद नै हुन्छ । यस्तो वचन पटक-पटक सम्झेर प्रफुल्ल भई विचरण गर्नुपर्छ र सँधैं यस्तो कर्म गर्न प्रयास गरिरहनु पर्छ ।

त्यस्तै मानसिक कर्मलाई पनि पटक पटक जाँचेर हेर्नुपर्छ । मैले जुन सोचिरहेको छु त्यसवाट मलाई दुःख हुन्छ कि, अरू कसैलाई दुःख हुन्छ कि वा दुबैलाई दुःख हुन्छ । यदि यस्तो हो भने ती अकुशल हुन्, दुःख दिने खालका हुन् र त्यसको परिणाम पनि दुःखद नै हुन्छ । यस प्रकारको सोचाईबाट बच्नु पर्दछ ।

त्यस्तै जुन मैले सोचेको थिएँ त्यसबाट कसैलाई दुःख भएन, मलाई पनि दुःख भएन भने ती कुशल कर्म हुन् । त्यसबाट सुखद परिणाम आउँछ यस्तो सोचेर मन प्रफुल्ल बनाई रहनु पर्छ र यसको वृद्धि गर्ने सोच्नु पर्दछ ।

त्यसैले आफ्नो कायिक कर्म सुधार्नु पर्छ ।

आफ्नो वाचिक कर्म सुधार्नु पर्छ ।

आफ्नो मानसिक कर्म सुधार्नु पर्छ ।

आयुष्मान राहुलले भगवानद्वारा यी शिक्षापद प्राप्त गरे ।

❀

- पाँच प्रकारका प्रिय, मनोरम कामगुणलाई त्यागेर श्रद्धापूर्वक निष्क्रमण गरि दुःखको अन्त गर्न थाल ।
- कल्याण भित्रहरूको संगत गर्नु । एकान्त, निर्जन स्थानमा रहने गर्नु, आफ्नो भोजनको मात्रा जान्नु ।
- चीवर पिण्डपात (भोजन) औषधि तथा सुत्ने विछ्यौना प्रति तृष्णा नगर्नु । लोकमा फेरि नजिन्मनु ।
- प्रातिमोक्ष (नियम) प्रति संयमित हुनु, पाँच इन्द्रियहरूका कायगतानु सतिमा सँधै स्थापित हुनु । वैराग्यता बढाउने कोशिश गर्नु ।
- राग युक्त सौन्दर्य बढाउने तिर नलाग्नु । एकाग्र समाधित्व भई अशुभ भावनामा चित्त लगाउनु ।
- निर्वाण (अनिमित्त) को भावना गर्नु । अभिमानलाई जरैदेखि निकाल्नु । तब उपशान्त भएर विहार गर्नु ।

यसरी भगवान राहुललाई नित्य उपदेश दिनु हुन्थ्यो ।

*( साभार- 'विपश्यना' २०७५ आश्विन )*



Downloaded from http://www.dhamma.digital

# महासुदस्सन जातक

✍ भिक्षुणी वीर्यवती

ताडवनमा बिछ्याइएको सात रत्नहरूले जडिएको सैय्यामा दाहिने कोल्टे फेरेर लेटिरहेका महासुदस्सन राजालाई हेर्दै उनकी रानी सुभद्रा देवीले ज्यादै शोकाकूल बन्दै भनिन्– "देव ! तपाईंका चौरासी नगरहरू छन्, जसको राजधानी कुशावती नगर हो। यसलाई सम्फनुस् महाराज ! यसरी बेकारमा बहुमूल्य नगरहरूलाई बिर्सेर त्याग्ने विचार नगर्नुस् । यी नगरहरूलाई प्रेम गर्नुस् ।" आफ्नी रानीको यस्तो कुरो सुनी राजा महासुदस्सनले आफ्नो त्यागमय पवित्र चित्तलाई विचलित नगरी भन्न थाल्यो - "देवी ! यस्तो कुरा नगर । यस्तो बेकारको कुरो गर्नुको बदला तिमीले मलाई यसरी उपदेश दिने गर्नु राम्रो हुनेछ- सांसारिक भोग सम्पत्तिहरूमा प्रेम नगर्नु, यिनीहरूमा उपेक्षा भाव राख्नु, र यिनीहरूमा आफ्नो मन आशक्तिवस टाँस्न नदिनुस् आदि आदि ।" राजाको तर्फबाट यसरी त्यागमय भावले भरिएको कुरा सुनी रानीले यसको कारण सोधिन्– "किन महाराज ?" उत्तर आयो- "आज मेरो मृत्यु दिवश हो ।"

यो सुनी रानीले रूँदै आँखाबाट आँसु पुछ्दै राजालाई सम्फाउने कोशिस गरिन् र रून कराउन थालिन् । रानीको विलाप देखी अरू पनि थुप्रै महिलाहरू र अन्य व्यक्तिहरू पनि रूँदै विलाप गर्न थाले ।

यो दृश्य देखी बोधिसत्त्व महासुदस्सनले भन्न थाल्यो- "भयो नरूनु तिमीहरू । देवी ! तिमी पनि नरूनु । नकराउनु । तिमीहरूले रूनु अगाडि यति जानिराख । यस संसारमा कुनै पनि चीजवस्तु र प्राणीहरू नित्य छैनन् । तीलको गेडा जति पनि संस्कार नित्य छैन । सबै संस्कार अनित्य छन् र नाशवान् छन् ।" यति भन्दै राजाले यस गाथा प्रस्तुत गरे-

**अनिच्चा वत संखारा उप्पाद वय धम्मिनो**
**उप्पज्जित्वा निरूज्फन्ति तेसं वूपसमो सुखो ॥**

अर्थ- संस्कार अनित्य छ । उत्पन्न हुनु र निरोध हुन नै यसको धर्म हो । यसले उत्पन्न भई निरोध प्राप्त गर्दछ । यसको उपशमन सुख हो ।

अनिच्चावत संखारा, भद्रे ! सुभद्रा देवी ! जति पनि प्रत्ययहरूले बनेका स्कन्ध आयतन आदि संस्कारहरू छन्, ती सबै अनित्य नै छन् । यसमा रूप, विज्ञान र सबै धर्म अस्तित्त्व अनित्य छन् । त्यति मात्र होइन, जति पनि सविज्ञान र अविज्ञान रत्नहरू छन्, तिनीहरू पनि सबै अनित्य नै छन् । त्यसैले तिमीहरूले पनि सबै संस्कार अनित्य रहेको कुरालाई बुफ्ने कोशिस गर । उप्पाद वय धम्मिनो अर्थात् उत्पन्न हुने जति पनि चीज वस्तु र प्राणीहरू छन्, ती सवै वय अर्थात् खर्च हुदै नाश भइरहेका छन् । उप्पजित्वा निरूज्फन्ति अर्थात् उत्पन्न हुँदै स्थितीलाई प्राप्त गरेपछि यस संसारका ती चीजवस्तु र प्राणीहरूले आखिरमा गई निरोध नै प्राप्त गर्छन् । उत्पन्न भएकोलाई स्थिति भनिन्छ । स्थिति भएपछि 'भङ्ग' हुनेछ । जसको उत्पन्न नै हुँदैन, जसको स्थिति नै हुँदैन, त्यसको भंग पनि हुँदैन । यसरी सबै संस्कारले तीन लक्षणहरू- उत्पत्ति, स्थिती र भङ्ग प्राप्त गरिरहेका हुन्छन् । त्यसैले पनि तिमीहरूले यसरी नै बुफ्ने गर- संसारमा सबै जीवित र निर्जीव वस्तु प्राणीहरू अनित्य छन्, क्षणिक छन्, परिवर्तनशील छन्, अध्रुव छन्, भङ्ग हुँदै जान्छन्, अस्थिर छन्, कम्पनशील छन्, ....केही समयको लागि मात्र हुन्, निस्सार छन् आदि आदि" यो संसार माया समान हुन्, मृग तृष्णा समान हुन्, पानीको फाग समान् हुन् । भद्रे ! सुभद्रा देवी ! यस्तो मृग तृष्णा समानको संसारमा तिमीले के देखेर किन सुख ठान्दैछौ ? त्यसैले तिमीले यसरी सम्फने कोशिश गर- तेसं वूपसमो सुखो अर्थात् सवै संसार चक्र निवारण भएपछि मात्र बल्ल सबै शान्त हुनेछ । यसको अर्थ नै निर्वाण हो । साँच्चिकै भन्ने हो भने यही नै एक मात्र साँचो सुख हो । यो बाहेक अर्को सुख छैन ।

यसरी महासुदस्सन महाराजाले निर्वाण (मुक्ति) सम्वन्धि उत्कृष्ट धर्म देशना गरी सांसारिक सुखलाई साँचो सुख भनी भ्रममा परिरहेका रानी सहित अन्य व्यक्तिहरूलाई साँचो सुख आध्यात्मिक सुखको महत्त्व बताए । त्यसपछि त्यहाँ रहेका जन समूहलाई दानको महत्त्व बताउँदै दान दिने गर्नु, सदाचारी बन्नु, उपोसथ ब्रतपालन गर्नु भन्ने उपदेश दिँदै देहावसान भए । ■

*( साभार- दानपारमिता )*



Downloaded from http://www.dhamma.digital

# ईर्ष्या

लेखक- **भिक्षु अश्वघोष**
अनुवाद- **वीर्यवती**

ईर्ष्या धेरै खराब बानी हो भनी थाहा नपाउने मानिस कोही छैन होला। तैपनि बच्चादेखि बुढापाकासम्म ईर्ष्यालाई पालिरहने मानिस हरेक क्षेत्रमा भेटिने गरिन्छ। समाजको हरेक कुनामा ईर्ष्यालु व्यक्तिहरू भेटिन्छन् । अरू त के कुरा धार्मिक समाजमा समेत ईर्ष्याले ठाउँ ओगटेको पाइन्छ । कहीं-कहीं त गृहस्थीहरूसँगभन्दा त्यागी व्यक्तिहरूसँग बढी ईर्ष्यालु बानीले सताएको देखिन्छ । ध्यान भावनाको कमजोरी चिन्ह हो यो । अज्ञानता र बेहोशीपनाको लक्षण हो यो। अशिक्षितपनाको फल पनि हो ।

अहिले मात्र होइन बुद्धकालिन समयमा पनि ईर्ष्याले मानिसहरूको मन कति दुषित पारेको रहेछ भन्ने कुरा जान्नको लागि त्यस बेलाको घटना प्रस्तुत गर्न गइरहेको छु–

सिद्धार्थकुमारको छोरो राहुलकुमार बाल्यकालमा नै भिक्षु हुन पुगे। राहुलकुमार ज्ञानी, अनुशासित र शिक्षित बालक थियो । आफूले गर्नुपर्ने काम खूब ध्यान पुऱ्याई आफ्नो कर्तव्य सम्झी तुरुन्त गर्ने बानी थियो उनको । भगवान् बुद्ध बस्नुहुने स्थान गन्धकुटीमा बिहानै बासी फूलहरू सफा गरी बढार्ने, सफासुग्घर गर्ने कार्यको जिम्मा राहुलको थियो । राहुलले आफ्नो यी कर्तव्यहरू इमान्दारीताका साथ निभाइरहेका थिए। त्यसैले उनलाई कुनै खोट लगाउने मौका थिएन। त्यसैले उनी प्रशंसाका पात्र बनेका थिए। राहुललाई प्रशंसा गरेको देखी राहुलका दमथरका अन्य प्रव्रजित भिक्षुहरूको मनमा ईर्ष्याको आगो बल्न थालेको थियो। उनीहरू अल्छी मात्र होइन बिसिद्धी घमण्डी र मानसम्मान पाउन पल्केका थिए ।

भगवान् बुद्धले समय-समयमा उनीहरूलाई यसरी अर्ती-उपदेश दिने गर्नुहुन्थ्यो– "तिमीहरू चुपचाप बसी अल्छी भई राष्ट्रपिण्ड खाइरहेका छौ । जनताको रगत पसिनाको कमाईरूपी खाना पचाउन सजिलो छैन । तिमीहरू राहुल जस्तै ज्ञानी बन्न सिक । अल्छी नभई ठीक समयमा आफ्नो कर्तव्य पालन गर्न सिक ।"

भगवान् बुद्धले दिनुभएको यस उपदेशलाई पहेंलो लुगा लगाई बसेका ती भिक्षुहरूलाई निको लागेन। त्यसैले उनीहरूले प्रतिक्रिया जनाउन थाले– "भगवान् बुद्धले पनि न्याय विनाको कुरा गर्नुहुँदो रहेछ। सधैं आफ्नो छोरा राहुलको मात्र गुणगान गरी पक्षपाती बन्नुहुँदो रहेछ।"

मिथ्यादृष्टि अर्थात् असमझदारी भनेको यही हो। उनीहरूले सोच्न थाले–

"यो राहुलले गर्दा हामीले बुद्ध जस्तो महान् व्यक्तिको गाली खान परिरहेको छ । जसरी भए पनि बुद्धको दृष्टिबाट राहुललाई टाढा राख्न पऱ्यो ।" यही चिन्तनामा ग्रस्त रहे उनीहरू । ईर्ष्याले पोलेको मन छटपटियो उनीहरूको। ईर्ष्याले जलेको मनमा शान्तिले ठाउँ लिन सकेन। सधैं राहुलको खुट्टा तान्ने मात्र सोचाई थियो उनीहरूको। निहुँमात्र खोज्न थाले उनीहरूले। तर राहुलको राम्रो चरित्रले गर्दा उनले गाली खानुको बदला सबैले मानसम्मान राखी प्रशंसा मात्र गर्न थाले। त्यसैले प्रतिद्वन्दीहरूको मनमा ईर्ष्यारूपी आगोमा घिऊ खन्याए जस्तै झन् झन् ईर्ष्याको आगो दन्किन थालियो ।

एक दिनको कुरो, राहुलले बिहानै उठेर गन्धकुटीमा र अन्य बैठकमा कुचो लगाउने काम सकाई एक छिन आराम लिन गए। यही मौका छोपी ईर्ष्यालु साथीहरूले बाहिरबाट धूलोको पोको ल्याई राहुलले कुचो लगाई सफा गरिसकेको ठाउँमा धूलो छरी फोहर पारिदिए। त्यसपछि भगवान् बुद्ध समक्ष गई यसरी चुकली लगाउन थाले– "भन्ते ! तपाईंले सधैं राहुलको मात्र गुणगान गर्नुहुन्छ, अल्छी छैन, उसले जस्तै सफा सुग्घर गर्न सिक आदि आदि भनी। तर आज खोई त उ अहिलेसम्म पनि सुतिरहेको छ। सबै ठाउँमा धुलै धुलो छरिएर रहेको छ।"

भगवान् बुद्धले सबै कुरो बुझे तापनि नबुझे जस्तो गर्नुभई राहुललाई बोलाउन पठाउनुभयो। राहुल बुद्धसमक्ष हाजिर भई वन्दना गरी एक ठाउँमा बसे। भगवान् बुद्धले राहुललाई सोध्नुभयो– "राहुल ! आज तिमीलाई के भयो ? कपाल दुखेर यति बेलासम्म सुतिरहेको ? अहिलेसम्म बढारेको पनि छैन रे किन ?

राहुलले परिस्थितिलाई बुझी भगवान् बुद्धले प्रश्न गर्नुभएको विषयलाई आनाकानी केही गरेनन्। आफूले पहिला बढारीसकेको ठाउँमा धूलो फालिराखेको विषयलाई उठाई विरोध पनि गरेन। ईर्ष्यालुहरूको काम र उनीहरूको चुकलीले यो परिस्थितिलाई उब्जाएको हो भन्ने कुरालाई बुझी यस घटनालाई लम्बाउन नदिईकन चुपचाप कुचो लिएर आज बढार्न बिर्से होला भन्दै फेरि फोहर बढारी फाल्न लग्यो। झगडा भएन, शान्ति भयो।

*( साभार- अशिल शिक्षा )*



Downloaded from http://www.dhamma.digital

# गोपाल विमान वत्थु

✍ ज्योतिर्वेदी, भिक्षु सारद

भगवान् बुद्ध– राजगृह नगरमा रह्नु भएको एक समय राज गृह नगर निवासी गोपाल नाम गरेको एक व्यक्तिले धनवान् जजमानहरूको गाई वस्तु चराउने काम गर्थ्यो । गरीबको कारणले गर्दा उसलाई एक छाक टार्न पनि मुश्किल हुने गर्थ्यो । त्यसैले उसले प्रायः विहान मात्र खाना पकाउँथ्यो र गाई वस्तु चराउन जाँदा त्यहीँ खाना साथमा लिएर जान्थ्यो ।

एकदिन गाई चराइरहेको अवस्थामा मौद्गल्यायन भन्ते त्यही बाटोबाट भिक्षाटन आइरहनु भएको उसले देख्यो । मौद्गल्यायन भन्तेले पनि उक्त गोपाललाई देख्नुभयो । उसलाई देख्ने बित्तिकै मौद्गल्यायन भन्तेले गोपालको आयु सकि सकेको हुँदा केही समय पछि नै उसको मृत्युहुने थाहापाउनु भयो । त्यसैले उहाँले यसरी विचार गर्नुभयो–

"यदि म उक्त व्यक्तिको अगाडि भिक्षा माग्न गएँ भने उसले आफ्नो साथमा रहेको खाना मलाई दान दिनेछ । यही पुण्यको कारणले उसले मृत्यु पश्चात् तावतिंस देवलोकमा जन्मन पाउने छ ।" यति विचार गर्नुभई मौद्गल्यायन भन्तेले करूणाचित्त सहित गोपालको नजिकै पुग्नु भयो ।

गोपालले पनि आफ्नो सामु भिक्षाटनको लागि आउनु भएका मौद्गल्यायन भन्तेलाई देखी खुशी हुँदै आफुले खानको लागि ल्याइराखेको खाना झिकेर भन्तेलाई दान दिन खोज्यो । यतिकैमा उसले चराउनको लागि ल्याइराखेको गाईहरू अरूको बारीमा पसेको देख्यो । उसको मन दोधारमा पऱ्यो पहिला मौद्गल्यायन, भन्तेलाई दान दिने, हो कि अरूको बारीमा पसेका गाईहरूलाई त्यहाँबाट धपाई तहलगाउने हो ? यदि दान दिन ढीला भयो भने भन्ते भोकै हुनेछ । त्यसैले पहिला खाना दान दिनु नै उत्तम हुनेछ । गाई वस्तुलाई पछि मात्र सम्हाल्नु पर्ला । खेतवारीको साहुले गाली गरेपनि पिटेपनि सहुँला भन्दै उसले पहिला मौद्गल्यायन भन्तेलाई दान दिने काम सम्पन्न गऱ्यो । भन्तेलाई दान दिएपछि आदरपूर्वक वन्दना गरी उ गाईहरू पसेको खेततर्फ दगुरेर जाँदा अनायास उसले बाटोमा एक विषालु सर्पलाई कुल्चन पुगेछ । फलस्वरूप उसलाई उक्त विषालु सर्पले डसेछ । सर्पको डसाइलाई उसले चाल पाउन सकेन । उसले खेतबारीमा पसेका गाईहरूलाई धपाउँदै बाहिर निकाल्यो । खेतबाट बाहिर निस्कने बित्तिकै उसले नजिकैको एक रूखमुनि बसी भोजन खाइरहनु भएका मौद्गल्यायन भन्तेलाई देख्यो । यो दृष्य देख्ने वित्तिकै आफूले दान दिएको भोजन सार्थक भएको सम्झी उ ज्यादै प्रफुल्लित हुन थाल्यो । त्यत्तिकैमा उसको शरीर भित्र पसेको सर्पको बीष शरीर भरी फैलिन थाल्यो । त्यसैले उ त्यहीं ढलेर उसको मृत्यु भयो । मरण अवस्थामा आफ्नो दान पुण्य सम्झँदै आनन्दित मनले प्राण त्याग गरेको कारणले तावतिंस देवलोकमा उसको जन्म भयो ।

केही समय पछि मौद्गल्यायन भन्ते पनि तावतिंस देवलोकमा घुम्नको लागि जानु हुँदा उहाँले भरखर गाई चराउँदै उहाँलाई भोजन दान दिने गोपाललाई तावतिंस देवलोकमा देवपुत्रको रूपमा देख्ने वित्तिकै उसलाई यसरी प्रश्न गर्नुभयो–

**"अलङ्कतो मालहारि सुवत्थो**
**सुकुण्डली कप्पीतकेशमस्सु**
**आमुट्ट हत्थाभरणो यसस्सी**
**दिब्बे विमानम्ही यथापि चन्दिमा"**

हे देवपुत्र ! अनेकौं रंगी विरंगी वस्त्र तथा हीरामोती जवाहरात लगाएर दिव्यलंकार लगाएर यस स्वर्गमा चन्द्र र सूर्यले जस्तै चहकिलो तेज फैलाउँदै अलंकारले सजिएका ६४,००० दिव्य अप्सराहरू नाच्दै गाउँदै तिमीलाई मनोरञ्जन गराइरहेका छन् । के पुण्य गरेको कारणले तिमीले यी सुखमय फल प्राप्त गरेको हो ?

मौद्गल्यायन भन्तेको यस प्रश्नको उत्तर दिँदै गोपालले भन्नथाल्यो–

"भन्ते ! यस्तो सम्पत्ति पाउनुको प्रमुख कारण मेरो एउटा सानो पुण्यको कारणले हो । यो पुण्य निकै बलियो भएको कारणले आज म यस्तो दिव्य लोकमा देवपुत्र भई जन्मने मौका प्राप्त गरें ।

यति भन्दै गोपालले मौद्गल्यायन भन्तेको गुण वर्णन गर्नथाल्यो ।



Downloaded from http://www.dhamma.digital

त्यसपछि मौद्गल्यायन भन्तेले् देवपुत्र गोपाल सहित हजारौं देव देवीहरूलाई धर्मदेशना गर्नुभयो । त्यसपछि मनुष्य लोकमा फर्कनु भई मौद्गल्यायन भन्तेले भगवान् बुद्ध समक्ष पुगी देवलोकको सम्पूर्ण घटना बताउनु भयो । भगवान बुद्धले साधुकार दिनुहुँदै अनुमोदन गर्नुभयो । त्यसपछि धर्म सभामा सबै भिक्षु भिक्षुणी र उपासक उपासिकाहरूलाई ओवाद दिनुहुँदै भगवान बुद्धले भन्नुभयो–

**"दिस्वान देवं पुटिपुच्छी भिक्खू**
**उच्चे विमानम्ही चिरत्थितके**
**आमूत्त हत्थाभरण यसस्सीं**
**दिव्य विमानम्ही यथापि चन्दीमा"**

चन्द्रमा जस्तै आफ्नो तेज फैलाउँदै चीरकाल (३ करोड ६० लाख वर्ष) सम्म सुख पाउने र वस्त्राभरण तथा हजारौं दिव्य देवंगनाहरूको नाचगान हेर्दै रमाउन पाएको देवपुत्र गोपालले मौद्गल्यायन भन्तेलाई गरेको दान पुण्यको फल हो भन्नु हुँदै अन्त्यमा चतुआर्य सत्य धर्म देशना गर्नुभयो ।

यस सूत्रबाट हामीले अलिकति पुण्य गरेपनि आफ्नो भित्री शुद्ध निस्वार्थ मनले श्रद्धापूर्वक गर्नु पर्दछ । यसरी गरेको पुण्य अति मूल्यवान् हुने रहेछ भन्ने ज्ञान लिन सक्छौं ।

■

# षडयन्त्रले आफ्नै नाश गर्छ

✍ **नरेन्द्रनाथ भट्टराई**

मानिसको जीवन व्यवहारलाई गहिरिएर हेर्ने हो भने धेरैजसो समय अरू उपर षडयन्त्र गरेर स्वार्थसिद्ध गर्नमा नै लागेको पाइन्छ । धार्मिक र राजनैतिक क्षेत्रमा त षडयन्त्रले झन् गहिरो जरा गाडिसकेको छ । षडयन्त्रको रोगले समाज र गृहस्थको क्षेत्रमा पनि आफ्नो आक्रमण शुरू गरिसकेको छ । मान, पद, प्रतिष्ठा र धनको लागि त षडयन्त्रको विद्या अनिवार्य नै भइसक्यो । षडयन्त्रले तत्काल केही फाइदा पुऱ्याए जस्तो, स्वार्थ सिद्ध भए जस्तो देखिए तापनि नतीजा दुःख मात्र हुन्छ ।

कुनै देशमा एउटी अति सुन्दरी राजकुमारी थिइन् । तिनको सुन्दरताको बयान सुनेर धेरै राजकुमारहरू तिनीसंग विवाह गर्न लालायित भएका थिए । त्यही देशको कुनै जंगलमा बस्ने एकजना ब्रह्मचारी बाबा पनि तिनको सुन्दरता देखेर राजकुमारीलाई हत्याउने एउटा षडयन्त्र विचार गरी राजदरबार गए । ती महात्मा त्यो देशमा ज्यादै मान्यता पाएका सिद्धको रूपमा समेत पुजिएका थिए । राजाले पनि अति मानेका तथा देशमा ठूला ठूला समस्या आइपर्दा तिनको सल्लाह पनि लिने गरेका रहेछन् । दरवारमा ठूलो स्वागत सत्कार गरेर राजाले आफ्नो कोठामा लगेर महात्मालाई आउनाको कारण सोधे– "तिमीमाथि तिम्रो परिवारकै तर्फबाट ठूलो अनिष्ट आउन लागेको संकेत पाएर त्यो संकटबाट तिमी र तिम्रो देशलाई बचाउन म यहाँ आएको हुँ भनी ती बाबाले भने । यसको लागि के गर्नुपर्ला त भनी राजाले सोधे । तिमी महारानी, छोरा र छोरीहरू सबैको हात हेरूँ अनि के गर्नुपर्छ भनुँला" भने ! राजा , महारानी, छोराहरू र छोरी सबैलाई पालैसंग वोलाई हात हेरे । छोरीको हात हेर्नासाथ बाबाले आफ्नो अनुहारको आकृति विगार्न थाले । हात हेरिसकेर राजालाई एकान्तमा लगेर "तिम्री छोरीकै कारणबाट हुन लागेको रहेछ । यो कुरा कसैलाई नभन्नु । राजकुमारीको ज्यान लिन पनि भएन । यिनको नाम निशान रहन दिनु पनि भएन । तसर्थ सामान्य भेश, भूषामा यिनलाई एउटा बाकसमा राखेर बगाइ दिनु, यिनको पनि कल्याण हुन्छ, राजा र देशको पनि रक्षा हुन्छ भने । ती बाबा प्रति ज्यादै श्रद्धा भएको राजाले तिनले भने जस्तै गरे । त्यो वाकस बग्दै बग्दै गयो । जंगलमा सिकार खेल्न लागेका एकजना राजकुमारले नदीमा बग्दै आएको त्यो बाकस देखेर त्यसलाई समाती किनारमा ल्याएर खोलेर हेर्दा ती 'अनुपम' सुन्दरी राजकुमारीलाई देखेर उनी मोहित भएर तिनीसंग त्यहीं गन्धर्व विवाह गरेर दरवारमा लगी युवराज्ञी बनाएर राखे । त्यो बाकसमा चाहिं ती राजकुमारले सिकारमा पक्रेको एउटा भालूलाई बन्द गरी बगाइदिए । उता ती महात्मा कहिले त्यो बाकस कुटी अगाडि आउला र राजकुमारी हात लाउँला भनी प्रतीक्षा गरिरहेका थिए । बाकस् पर देखियो । शिष्यहरूलाई त्यो बाकस समाती

*( क्रमशः १२ पेजमा )*



Downloaded from http://www.dhamma.digital

# मानिसहरूको उन्नतिको मार्ग र अवनतिका कारणहरू

✍ मदन रत्न मानन्धर
अनु. **क्षान्तिवती गुरूमां** *(नेपालभाषालाई नेपालीमा अनुदित)*
*धर्मकीर्ति विहार, काठमाडौं*

मानिस एक सामाजिक प्राणी, समाज नै उसको सबथोक हो ।

समाजबाट भिन्न भयो भने उसलाई बाँच्न नै गाह्रो हुन सक्दछ । असल भए पनि खराव भए पनि, हरामी भए पनि, सोझो भए पनि, धनी भए पनि, गरीब भए पनि, स्त्री भए पनि, पुरुष भए पनि, पढे लेखेको भए पनि अनपढ भए पनि जे भए पनि समाज नै उसको कर्म क्षेत्र हो,संघर्षको क्षेत्र हो, बाँच्ने ठाउँ हो । त्यसैकारणले उसले समाजमा आफ्नो अस्तित्व बचाउनको लागि आफ्नो वर्चस्व, इज्जत, मान, सम्मान शान, शौकत, सबै कायम गरी राख्नको लागि, उन्नति अभिवृद्धि गर्नका लागि जस्तो सुकै काम, इलम, व्यवसाय, उद्योग गर्नलाई फर्केर हेर्दैन । अनि उन्नतिको नाममा अवनति (पतन) को काम पनि जानी-जानी वा नजानी-नजानी गर्न पुग्दछ ।

मानिसले साँच्चैको उन्नति गर्न चाहन्छ भने अगाडि बढ्न चाहन्छ भने उसले निम्न उल्लेखित काम नगरी हुँदैन–

१. गर्न हुने, गर्न नहुने, राम्रो नराम्रो काम छुट्याउन नसक्ने मुर्खहरूको संगत नगर्ने, होइन भने नचाहिने दुःख कष्टमा फस्नु पर्नेछ ।

२. आफूलाई पनि अरूलाई पनि हित, सुख, कल्याण हुने काम र मार्ग देखाउन सक्ने विद्वानहरूको संगत गर्नुपर्दछ । जसले गर्दा गल्ती हुँदैन, पश्चात्ताप मान्नु पर्दैन ।

३. आफूलाई हित उपकार गरेका गुणवान व्यक्तिहरूलाई, समाजमा उल्लेखनीय योगदान दिएका पूजनीय व्यक्तिहरूलाई आदर, गौरव, पूजा र सत्कार गर्ने ।

४. मानिस भएर बाँच्नको लागि नभई नहुने खानपान, स्वास्थ्य सेवा, शिक्षा र आर्थिक अवसरले युक्त भएको र धर्मकर्म गर्न गाह्रो नभएको ठाउँमा बसोबास गर्नु, नत्र जहिले पनि मन अशान्त पारी बस्नु पर्ने हुन्छ ।

५. आफूले राम्रो काम गरेको हुनु, जसले गर्दा धेरैको विश्वास पात्र भइन्छ , साथै राम्रो कामको राम्रो प्रतिफल पाउन सक्ने हुन्छ ।

६. आफ्नो मन चञ्चल नबनाई स्थीर, धीर गम्भिर हुनु । जसले गर्दा मानसिक रोग हुँदैन ।

७. संसारमा जति पनि सिक्ने, जान्न सक्ने विषयहरू छन्, त्यसमध्ये धेरै भन्दा धेरै ज्ञान भएको हुनु । जसले गर्दा धेरैले मान सम्मान गर्ने होइन्छ ।

८. व्यापारको काम, पढाउने काम, कपडा बुन्ने आदि जति पनि शिल्प, विद्या छन्, त्यस मध्ये कुनै न कुनै काममा सक्षम हुनु । जसले गर्दा भरे के खाने, के खुवाउने भन्नु पर्दैन ।

९. समाजिक नीति, नियम, विधिव्यवहारमा राम्रो ज्ञान भएको हुनु । जसले गर्दा अरुको माझ लोकप्रिय हुन्छ । त्यसैगरी उक्त नीति नियम, विधिव्यवहारमा राम्ररी शिक्षित हुनु, कुरा मात्र जानेको गर्न नजानेको नुहनु जसले गर्दा असल मानिस हुन सकिनेछ ।

१०. अरूको मन नदुख्ने गरी बचन बोल्न जानेको हुनु, काम लाग्ने कुरा मात्र गर्न जान्नु, जसले गर्दा सबैको विश्वास पात्र भएर काम गर्नलाई गाह्रो हुँदैन ।

११. आफूले दुःख कष्ट सहेर पनि आफ्ना सन्तानहरूलाई हुर्काउने, बढाउने आफ्नो आमा-बालाई समय-समयमा आवश्यक काम गरिदिनु, सहयोग गरिदिनु, सेवा सुश्रुषा गर्नु, जसले गर्दा उनीहरूबाट आर्शिवाद प्राप्त गर्न सकिनेछ ।

१२. आफ्नो परिवार भए उनीहरूले यथोचित भरणपोषण, राम्रो शिक्षा र रोजगारको बन्दोबस्त गरिदिनु । जसले गर्दा पारिवारिक सुख अभिवृद्धि हुन्छ ।

१३. पछुताउनु पर्ने र आकुल ब्याकुल हुनुपर्ने गरी काम नगर्नु, जसले गर्दा राती निन्द्रा नलाग्ने र रक्तचाप वृद्धि हुने भय बाट बच्न सकिनेछ ।

१४.आफूले मेहेनेत गरी कमाएको केही भाग, समय–समयमा, योग्य ठाउँमा योग्य व्यक्तिहरूलाई दान दिनु । जसले गर्दा आत्मसन्तोष वृद्धि हुन्छ ।



Downloaded from http://www.dhamma.digital

१५. न्याय नीतिअनुसार आफ्नो बानी व्यवहारलाई प्रयोग गर्नु, अथवा, धर्मानुसार आचरण गर्नु, अनि मात्र चित्त शान्त र स्थीर हुन्छ ।

१६. आफन्त, इष्टमित्रहरूलाई आवश्यकता अनुसार सहयोग गर्नु, जसले गर्दा आफ्नो पारिवारिक वातावरण, सामाजिक संरचना मजबूत हुन्छ ।

१७. अर्काले दोष खोजी यातना दिन सक्ने, दोषपूर्ण काम नगर्ने, निर्दोष काम गर्ने जसबाट कोहि देखि डराई बस्नु पर्दैन ।

१८. आफू र अरूलाई अहित, असुख र हानी गर्ने नीचकामबाट तन, मन र बचन देखि नै टाढा रहने, जसले गर्दा लज्जा र भय भन्ने लोकपाल देवधम्मबाट युक्त होइन्छ ।

१९. विभिन्न कारणले गर्दा अगाडि आउने, सबैलाई हानी पुऱ्याउने, खराब काम नगर्ने, अनि मात्र अकुशल कर्म गर्नबाट टाढा भई कुशल अभिवृद्धि गर्न सकिने हुन्छ ।

२०. खाँदा, पिउँदा, बेहोश भई पैसा पनि सकिने र जीवन पनि सकिने नशालु पदार्थ नखाने, नपिउने ।

२१. आफूले गर्नुपर्ने कर्त्तव्य धर्मप्रति सदा जागरूक हुने, जसले गर्दा कर्त्तव्य परायण भई उन्नतिको बाटोमा जहिले पनि लागिरहन्छ ।

२२. आदर गौरव गर्नुपर्ने व्यक्तिहरूलाई यथायोग्य मान सम्मान गर्नु, जसले गर्दा मानिसको जंगली स्वभाव हराएर जान्छ, ज्ञानी स्वभाव बढेर आउँछ, त्यतिमात्र होइन दीर्घायु हुन्छ, रूप लावण्य राम्रो हुन्छ, सुख हुन्छ, बल शक्ति प्राप्त हुन्छ भनी धम्मपदमा भनिएको छ ।

२३. "मैले गरेको" "मैले मात्र जानेको छु " "मैले नगरी हुँदैन" आदि भनी घमण्डी नभइकन कोमल स्वभाव हुनपर्छ, जसले गर्दा अभिमान हटेर सबैको प्रियपात्र होइन्छ ।

२४. मेहेनत अनुसार प्राप्त भएको प्रतिफलप्रति सन्तुष्ट हुन सक्नु, यस्तो भयो भने मन जहिले पनि फूल भैं फक्रेर रोगले दुःख दिन पाउँदैन ।

२५. आफूलाई हित उपकार गर्ने गुणी व्यक्तिहरू प्रति कृतज्ञ हुनु, जसले गर्दा निरन्तर सहयोग भरोसा प्राप्त भैइरहन्छ ।

२६. मानसिक उत्थानको लागि, आध्यात्मिक उन्नतिको लागि समय-समयमा धर्मको कुरा सुन्ने, जसको परिणाम स्वरूप संसारिक यथार्थता सत्यतालाई वुझी मन आकुल व्याकुल हुँदैन ।

२७. गल्ती गरेकोलाई माफ गरी क्षमाशील हुनु, आक्रमण बदलाभावी नुहुनु, त्यसो भयो भने शुत्ररहित हुन्छ । निन्द्रा लाग्ने गरी सुत्न र विउँझनु पाउने हुन्छ ।

२८. सज्जन र विद्वानहरूको कुरालाई ध्यान दिएर सुन्नु, जसले गर्दा आफूलाई निरन्तर मार्ग दर्शन प्राप्त भइरहन्छ ।

२९. गृहत्यागी श्रमण, ब्राह्मण, सन्यासीहरूको दर्शन गर्नु ताकि धर्मकर्म, दान, शील, भावनाको कुरा सुनी मनलाई बलियो बनाउन सकिन्छ ।

३०. गर्न हुने, गर्न नहुने, गर्नु पर्ने, गर्नु नपर्ने आदिलाई राम्रो संग जानेर बुझेर होश राखेर मात्र आफ्नो जीवन व्यवहारमा उर्तानु । अनि मात्र आफ्नो जीवनलाई राम्ररी अगाडि बढाउन जान्ने र सक्ने हुन्छ ।

३१. घरमा बस्ने गृहस्थी भए पनि समय-समयमा ध्यान, भावना, तपस्या गर्नु, जसले गर्दा मन स्वच्छ निर्मल र प्रफुल्लित हुन्छ ।

३२. आफ्नो ब्रह्मचर्यलाई अनुचित ढंगले दुरूपयोग नगरी ब्रह्मचारी हुनु । जसले गर्दा एड्स जस्तो घाटक रोग लाग्ला भनि पीर चिन्ता लिनु पर्नेछैन ।

३३. संसारमा भइरहेको वास्तविक दुःख, कसैले पनि दुःख होइन भन्न नसक्ने दुःखलाई जान्नु, त्यसरी आउने दुःखको कारणलाई देख्नु, त्यस्तो कारणलाई हटाउन सकिन्छ भनी जान्नु र दुःख हटाउने उपायलाई पनि राम्रो संग जान्ने र त्यही अनुसार आचरण गर्ने । त्यस पछि मात्र मानिस भएर जन्म लिएको सार हुनेछ ।

३४. मनमा उत्पन्न हुने तृष्णा, क्लेश, दुर्भावनालाई निर्मूल पारि परमशान्ति अमृतपद निर्वाणको दर्शन गर्नु, जसले गर्दा असीमित संसारमा बारम्बार जन्म लिनु नपर्ने होइन्छ ।

३५. सुख, दुःख, लाभ, हानी यस-अपयश र निन्दा-प्रशंसाबाट आफ्नो मनलाई नबिगारिकन होश पूर्वक अभ्यास गर्न सक्नु ता कि जस्तोसुकै परिस्थितिमा पनि मन विचलित नभई सन्तुलित हुन्छ र मानसिक रोगबाट टाढा भइन्छ ।

३६. संसारको अनित्य, दुःख, अनात्म स्वभावलाई बुझेर कुनै पनि अवस्थामा शोक सन्ताप नगर्ने, जसले



Downloaded from http://www.dhamma.digital

गर्दा मनमा अनावश्यक क्लेश जम्मा हुँदैन अनि स्थायी शान्ति प्राप्त हुन्छ ।

३७. मनमा अनेक प्रकारका क्लेश उठ्यो भने खाने, पिउने, सुत्ने आदिलाई नराम्रो असर गरी दीर्घ रोगी भइन्छ, अनि संसार बन्धन पनि दरोसंग बाँधिन्छ । यस्तो हुन नदिन क्लेशलाई उत्पन नै हुन नदिन अभ्यासरत रहने ।

३८. सबै प्रकारका ज्ञान आफू संग भयो भने जुनसुकै अवस्थामा पनि  कुनै प्रकारको भय, उपद्रवले छुन सक्दैन मुक्त हुन्छ, सधैं सुखी, शान्त र प्रफुल्लित हुन पाइन्छ ।

मानिसको उन्नति प्रगतिको मार्ग माथि उल्लेख गरिएका ३८ प्रकारका माङ्गलिक कामलाई भगवान् बुद्धले करिब २६०० वर्ष अगाडि बताउनु भएको उपदेश मङ्गल सूत्र आजभोलि सम्म पनि त्यति नै सान्दर्भिक, कल्याणगरी र सर्वग्राही भइरहेको छ भन्दा अत्युक्ति हुँदैन होला ।

मानिसको अवनति (पतन) हुने कुरालाई पनि राम्रो संग ध्यान दिन सकेमा पनि आफ्नो उन्नति प्रगति हुन्छ, त्यसैले पतनको कारण भइरहेको तलका कुरालाई ध्यान दिएर व्यवहारमा उतार्नु धेरै नै आवश्यक छ ।

१) कर्तव्य परायण नहुनेलाई धेरै नै हानी हुन्छ ।

२) ज्ञानी, असल व्यक्तिहरूलाई मन नपराउने, अज्ञानी, खराब व्यक्तिहरूलाई मन पराउने त्यसै गरी बेकारको काम नलाग्ने, उल्टो धर्म, दर्शन, कर्मकाण्डलाई मान्ने आदि गर्नाले पनि हानी मात्र हुन्छ, कहिल्यै पनि उन्नति हुनेछैन ।

३) सुतुवा (सुत्नमा मात्र रमाउने) कुरौटे, अल्छी, उत्साहहीन, अनुयोगी, क्रोधी व्यक्तिले पनि कहिल्यै उन्नति गर्न सक्दैन ।

४) आफूसंग धनसम्पति भए पनि क्षमता, वैंश गैसकेको आफ्नो आमा बुबालाई आवश्यक सेवा नगरीकन हेलचेक्र्याइँ गर्ने व्यक्तिको कहिले पनि कल्याण हुने छैन ।

५) केही दोष नभएका ब्राह्मण, श्रमण र याचकहरूलाई झुठ कुरा गरी छकाउने व्यक्तिलाई पनि धेरै परिहानी हुनेछ ।

६) आफूमात्र खाने, पिउने र आफ्नो मात्र स्वार्थ हेर्ने, मानिसको कहिल्यै पनि माथि आउन सक्दैन ।

७) जुन मानिसले जातिको घमण्डले, धनको अभिमानले र वंशको कारणले आफन्तहरूलाई अपहेलना वा बेवास्ता गर्दछ, त्यो मानिसको पनि अवनति अवश्य हुन्छ ।

८) कामुक, जँड्याहा, जुवाडे मानिसको उन्नति हुन सक्दैन ।

९) आफ्नो श्रीमती र श्रीमान्बाट सन्तुष्ट नहुने केटा र केटीको पनि निश्चित रूपमा पतन हुन्छ ।

१०) जवानी गइसकेको बुढो मानिसले तरूनी केटी विहे गऱ्यो भने उक्त केटीबाट व्यवहारमा शान्ति प्राप्त गर्न नसकी उक्त बूढो व्यक्तिको परिहानी हुनेछ ।

११) खन्चुवा मान्छेलाई प्रमुख बनायो भने पनि परिहानी हुन्छ ।

१२) गरिब कुलमा जन्मेका क्षेत्रीले राज्यभोगको इच्छा गऱ्यो भने पनि उसको पतन अवश्य हुन्छ ।

भगवान बुद्धले २६०० बर्ष अगाडि बताउनु भएको माथि उल्लेखित उपदेश पराभव सूत्रमा बताइए जस्तै यी हानी, नोक्सानी, अवनति, पतनको कारणलाई राम्रोसंग जानी, बुझी, होश राख्ने व्यक्ति सधैं निर्भयी भएर उन्नतिको बाटोमा अगाडि बढी आफ्नो जीवनलाई सफल बनाउन सक्ने हुन्छ । ■

*पेजा ९ बाट क्रमश:*

## षडयन्त्रले आफ्नै नाश ... ....

कुटीभित्र ल्याओ भनी अराए र शिष्यहरूलाई तीन दिनसम्म कुटीमा  नआउनु मेरो साधना गर्नुछ भने । शिष्यहरू बाकस राखेर गए । राजकुमारी फसाएँ भनी ज्यादै प्रफुल्लित हुँदै बाकसलाई सुमसुम्याएर बिस्तारैं बाकस खोले । बाकसको बिर्को के खोलेका थिए त्यो अजंगको भालुले बाहिर आएर झम्टिहाल्यो । जोगी बाबालाई मारेर त्यो भालु जंगलभित्र पस्यो । तीनदिनपछि चेलाहरू आउँछन् त सडेर दुर्गन्धयुक्त भएको गुरुको लाश पो देखे ।

षडयन्त्रको फल यस्तै हुन्छ । मन, वचन र कार्यले गरिएका कुनै पनि षडयन्त्रले अन्त्यमा यस्तै दुर्गतिमा मानिसलाई पुऱ्याइदिन्छ । मानिस र देशको आँखा कहिलेकाहिं छल्न सके पनि प्रकृतिको आँखा भने छल्न कसैले सक्दैन ।

■





Downloaded from http://www.dhamma.digital

# लुम्बिनीमा सम्पन्न त्रि–दिवशिय अन्तर्राष्ट्रिय त्रिपिटक पाठ (च्यान्टीङ्ग)

✍ **अमृत मान ताम्राकार**
*उपासक निवार्णमूर्ति विहार, किमडोल*

**१. त्रिपिटक वारे**

सम्यक सम्बुद्धले आफ्नो जीवनकालमा गरिएका सम्पूर्ण उपदेश, सुत्र एवम् दर्शनलाई तथागतको निर्वाण पश्चात, वहाँका धर्म सारथीहरूको संघले बुद्धवाट जस्तो देशना भयो हुवहु अर्थात् यथावत लिपिबद्ध गरी मुलतः ३ खण्डमा तयार गरिएको वौद्धहरूको प्रमुख एवं पुरानो ग्रन्थलाई त्रिपिटक भनिन्छ । स्मरणियकुरा बुद्ध बचनलाई वहाँ सम्यक सम्बुद्धको जीवनकालमा कुनै प्रकारको सूत्र वा ग्रन्थको रूपमा लिपिबद्ध गरिएको थिएन । अतः वहाँको परिनिर्वाण भएको ३ महिना पछि मात्र महाकाश्यप भन्तेको अध्यक्षतामा भारतको राजगिरीमा प्रथम संगायन गरी आनन्द भन्ते लगायत बुद्धका ५०० जना धर्म सारथीहरूबाट बुद्धवचन संग्रह गरी गुरू चेला परम्परा अन्तर्गत तीक्ष्ण स्मरण भएका भन्तेहरूबाट मुखष्टगरी पालि भाषामा संग्रहित वाचनलाई पछी श्रीलङ्का मा Palm Leave मा लिपिवद्ध गरियो । सम्पुर्ण बुद्ध वचन/दर्शन मुलतः ३ खण्डः– सुत्रपिटक, विनयपिटक र अभिधम्मपिटकमा विभाजन गरिएको छ भने उक्त ३ खण्ड अर्न्तगत १७ उप खण्डहरू छन् । अत यी १७ ग्रन्थहरूको संगालो पछि मात्र त्रिपिटक पूर्ण हुन्छ । हाल त्रिपिटक पालिको अतिरिक्त अन्य विभिन्न भाषा एवम् लिपिमा प्रकाशित र पाठ गरिन्छ । बुद्ध वचन सम्बन्धि धम्मपद जस्ता महत्वपूर्ण ग्रन्थहरू भएतापनि बुद्ध दर्शनको मुख्य स्रोत नै त्रिपिटक हो ।

**२. बौद्ध ग्रन्थहरूको पाठ**

नेपाल बौद्ध धर्मलम्बीहरू दैनिक पूजा पाठ वा धार्मिक समारोहहरूको सुरूवाट पञ्चशील प्रार्थना बुद्धपूजा, परित्राण वा बौद्धस्तोत्रहरूको पाठवाट गर्ने चलन रहेको छ । हाल मण्डप स्थापना गरी थेरवादी भन्ते गुरूमांहरूवाट महापरित्राण पाठको प्रचलन बढ्दो छ भने अभिधम्मका सुत्रहरूको पाठ पनि गरिन्छ । धार्मिक कार्यकमहरूको रूपमा आयोजना हुने यी पाठ कार्यक्रमहरूमा वाचन गरिने सुत्रहरू त्रिपिटककै अंश वा Chapter हरू हुन् । तापनि यसलाई त्रिपिटक पाठ वा चान्टिङ भनेर छुट्टै कार्यक्रमको आयोजना भएको जानकारी छैन वास्तवमा १४/१५ वर्ष अगाडी सम्म पनि महापरित्राण जस्तै त्रिपिटक च्यान्टिङ् भन्ने छुट्टै वाचन कार्यक्रम नेपालमा मात्र नभई अन्य बौद्ध मुलुकहरूमा पनि भएको जानकारी छैन । अतः बौद्ध ग्रन्थहरू पाठको क्रममा त्रिपिटक पाठ (Chanting) लाई नौलो प्रचलन भन्दा फरक नपर्ला ।

**३. त्रिपिटक पाठ (Chanting)**

त्रिपिटक पाठ अर्न्तगत पवित्र बौद्ध ग्रन्थ त्रिपिटकमा लिपिवद्ध सुत्रहरूलाई पालि भाषामै यथावत पाठ गरिन्छ । महिनौ लगाएर हजारौंको संख्यामा रहेका भिक्षु संघबाट तयार भएको ग्रन्थ ३/४ दिन वा हप्ताको वाचनवाट पुरा हुने सम्भव नभएको हुँदा अल्पकालिन Chanting शिविर (कार्यशाला) आयोजना गरि त्रिपिटकका हेही खण्ड वा Chapter को भिक्षु संघवाट सामुहिक पाठ गरिन्छ, १३ वर्ष अगाडी (२००६) International Tipitak chanting council (ITCC) को स्थापना संगै The light of Buddha Dhamma Foundation (LBDF) को सहकार्यमा बुद्धगयाको वोधिवृक्ष मुनि सुरूभएको त्रिपिटक Chanting सन् २०१८ मा बुद्ध जन्मभूमी नेपालको लुम्बिनी वनमा प्रथम पटक प्रवेश गरिएको छ । विगत १३ वर्षको अवधिमा बुद्धगयाको अतिरिक्त नेपाल लगायत कुशिनगर, सारनाथ, राजगिरी आदि बुद्धजीवनी सम्बन्धित विभिन्न बौद्धधामहरूमा त्रिपिटक पाठ सम्पन्न भै सकेको छ । यसै वर्षको डिसेम्बर महिनाको फरक-फरक मितिमा भारतको बोधगया, नालन्दा, जयपुरमा त्रिपिटक पाठको आयोजना भईरहेको छ ।

**४. बुद्ध जन्मस्थल लुम्बिनीमा त्रिपिटक पाठ (Chanting)**

ITCC को अनुरोधमा अखिल नेपाल भिक्षु महासंघ तथा लुम्बिनी स्थित Royal Thai Monastry को संयुक्त आयोजनामा गौतम बुद्धको पवित्र जन्मस्थल लुम्बिनी वनमा गत २०७५ साल कार्तिक २८-३० गते नेपालमा प्रथम तथा ऐतिहासिक त्रिदिवसिय त्रिपिटक Chanting सम्पन्न भए । अत्यन्त शान्त, शलिन समान व्यवहार तथा



Downloaded from http://www.dhamma.digital

समभावमा सम्पन्न दृष्यहरू विभिन्न मिडिया तथा सामाजिक सञ्जालमा भाइरल हुँदा बुद्ध नेपालको लुम्बिनीमा जन्म भएको तथा विश्व शान्तिको सन्देश प्रवाह गर्न ठूलो योगदान पुऱ्याएको देखिन्छ । आयोजक टिमवाट ठूलो मिहेनत र जिम्मेवारीका साथ भएको पूर्व तयारीका कारण समारोहको उद्घाटन देखि समापन सम्म अति शान्तपूर्वक धर्म संवेगले कम्पित वातावरणमा सम्पन्न भए । बुद्ध शासनमा उँच्च निचको भेद्भाव नगरी सबैलाई सम्मान र सम्मानित व्यवहार गर्ने बुद्ध वचनलाई सार्थक तुल्याउन समारोह स्थलमा ठूला मञ्च र तडक भडक छैन भने विशष्ट पाहुनाहरूको सम्मानका साथ नाम उद्घोषण गरिएपनि उच्च आशनको व्यवस्था छैन । यथास्थानमा आशन ग्रहण गराईएको थियो । एउटा सानो मञ्चको प्रयोग बालक सिद्धार्थ कुमारको प्रतिमा सजाउन, दीप प्रज्वलनको पानस र धर्म देशना गर्ने गुरूका साथ समारोह आयोजनाका सह अध्यक्षद्धयको लागिमात्र सिमित थिए ।

समारोहको उद्घोषकले M/C समेत मञ्च भन्दा तल उपासक दीर्घका स्थापित रोष्टमवाट कार्यक्रम सञ्चालन गरिरहे । बुद्ध, लुम्बिनी, त्रिपिटक अनि योग्य पात्रहरूलाई साधुवादका उदगार वाहेक अन्य लामो भाषण वा मन्तव्य कसैवाट भएन शायद वर्जित नै थिए होला ।

तेश्रो अर्थात अन्तिम दिन समापन समारोहको अन्तमा सहभागी भिक्षु भिक्षुणी तथा उपासक उपासिकाहरूको सहभागिता रहेको हजारौको समुहले शुभरात्रीको प्रथम प्रहरमा हातमा मैनबत्तिको टुकि बोकि सम्पन्न भएको Candle Light Walk नयाँ प्रचलन मात्र नभई अति आकर्षक थियो त उक्त मैनबत्ति जुलुसको भिडियो कहिल्यै बिर्सन नसकिने खालको छ । भिक्षु तथा भिक्षुणीहरूको Candle Walk गरीरहेको बाटोको एकापट्टी हजारौं समारोह अवधिमा मोबाइल फोटो ग्राफरहरूको दौडधुप बाहेक सम्पूर्ण चान्टिङ्ग कार्य शान्त पूर्वक सम्पन्न भए ।

त्रिपिटक च्यान्टिङ्गको निश्चित फर्म्याट नभएको हुँदा लुम्बिनी चान्टिङ्गको प्रारम्भ नेपाली भन्तेहरूबाट "महासमय सुत्तको" सामुहिक वाचनबाट भयो । यो महासमय सुत्त सम्यक संवुद्धत्व प्राप्त भैसकेपछी ५०० जना अरहत भिक्षुहरूको संघ सहित कपिलवस्तुको महावनमा विहार गरी बस्नु भएको बेला तथागतको दर्शनार्थ त्यहाँ उपस्थित देवताहरूको प्रार्थनामा देशना भएको गाथा झण्डै सोही स्थानमा नेपालकै भिक्षुगणबाट पाठ भैरहेकोबेला सबै श्रोताहरू पुलकरोमाञ्चित देखिन्थ्यो ।

"**महासमय सत्त**" पछि जातक माला अन्तर्गत "**बेस्सन्तर जातकको**" पाठ भए । दानपारमिताको अति भावुक कथा वेस्सन्तर (नेपालीमा विस्सन्तर) जातक अन्तर्गत दसवरकथा देखि "छखत्तियकम्भ" को वाचन हुँदा पालीभाषा बुझ्ने वाचक र श्रोताहरू अति भाव विह्वल भए । च्यान्टिङ्गको क्रममा समय सान्दर्भिक पारेर उपरोक्त दुई गाथाहरूको अतिरिक्त मंगलमैत्री तथा परित्राणका केहि सुत्रहरूको पनि पाठ भएको सुनिन्छ । त्यस्तै महायानी गुरु/आनीहरू (Himalayan Monks) बाट पनि अति मिठो स्वरमा सामूहिक पाठ भएको थियो ।

अन्तमा

नेपालमा मात्र नभई अन्य बौद्ध देशहरूमा पनि त्रिपिटक च्यान्टिङ्गको नामबाट त्रिपिटकका गाथाहरू पाठ गर्ने प्रचलन अति नौलो भएको हुँदा यसपालीको च्यान्टिङ्गकार्यक्रमले आयोजनाको तयारी अवधिमा भन्दा कार्यक्रम सञ्चालन भईरहेका समय धेरै चर्चा पाए । मिडियामा लाइभ हेर्न कतिपय उपासक उपासिकाहरू उक्त अवसरबाट चुकेकोमा दुखित भए र अर्को वर्ष हुने कार्यक्रममा सहभागी हुने संकल्प गर्नेहरूको संख्या धेरै छन् । अतः आगामि वर्षको नोभेम्बर १४ देखि १६ सम्म हुने च्यान्टिङ्गमा सहभागी हुने विशाल संख्यालाई ध्यानमा राखी उचित व्यवस्थापन हुने अपेक्षा गरेको छु ।

बुद्ध शासन चिरस्थायी होस् । ■

**बुद्ध सम्वन्धी केही जानकारीहरू –**

★ भिक्षु संघमा सर्वप्रथम फुट भगवान् बुद्धकै समय कालमा देवदत्तले ल्याएको थियो । तर यो संघ भेद चीरस्थायी रहेन ।

★ देवदत्त - बुद्धलाई मार्न खोज्ने भिक्षु । पिता : सुप्रबुद्ध । आमा : अमृता । दिदी : यशोधरा । सिद्धार्थको फुफूको छोरो (अर्थात् भाइ); सिद्धार्थको साला ।

*(साभार- बौद्ध दर्पण)*



Downloaded from http://www.dhamma.digital

# अभिधर्मको चिनारी

✍ इन्द्रनारायण मानन्धर

अभिधर्म साऱ्है गंभीर बौद्ध ग्रन्थ हो । अभिधर्मको अर्थ विशेष धर्म हो । अभिधर्म संक्षिप्तमा चित्त, चेतसिक, रूप र निर्वाण समेत चार परमार्थ धर्मको यथार्थ वर्णन हो । कुशल धर्म, अकुशल धर्म र अब्याकृत धर्म अभिधर्मका निदान हुन् । अभिधर्म अध्ययन गर्नुको उद्देश्य धर्म विनयमा सम्यक दृष्टि प्राप्त गर्नु हो । अभिधर्म भनेको वैज्ञानिकहरूले भौतिक पदार्थलाई टुक्रा टुक्रा अनुसन्धान गरे जस्तै मानसिक धर्मलाई पनि त्यसरी नै गरी फार्दै अनुसन्धान गरी विश्लेषण गरिएको विवरण हो । अभिधर्ममा रूपलाई नामधर्मबाट मात्र अलग्ग गरी देखाइराखेको होइन नामधर्मको चित्तबाट चेतसिकलाई पनि छुट्याएर अनेक प्रकारले चित्त र चेतसिकको स्वभाव, लक्षण र तिनीहरूको कार्य तथा तिनीहरूको उत्पत्ति, स्थिति र भङ्गको तरिका पनि छुट्याएर सूक्ष्ममातिसूक्ष्म रूपबाट वर्णन गरी देखाइराखेको छ । त्यसरी छुट्याएर फारेर हामीले विभाजन गरी हेर्न समर्थ नभएसम्म संसारप्रति अप्रमादी (जागरूक) भई संवृत्तिसत्य (व्यवहारको लागि मात्र सत्य) र परमार्थ सत्य (अन्तिम सत्य) राम्ररी बुझ्न सक्ने हुनेछैनौं । त्यस्तो भइरहेसम्म नाम रूपलाई म, र मेरो भनी आत्मभाव लिई त्यसमा टाँसिरहन्छ । अनि नित्यता, आत्मज्ञान र दुःखमय संसारको स्वभावलाई यथार्थ रूपले बुझ्न र देख्न सक्ने हुँदैनौं । छुट्टाछुट्टै गरी फारेर हेर्नलाई पनि शील, समाधि र प्रज्ञाको आधार आवश्यक छ ।

साँच्चै भन्ने हो भने छोपिराखेको परमार्थ सत्यलाई पर्दा उधारे जस्तै उधारी विस्तृत रूपकार साक्षात्कार गर्नु नै अभिधर्म हो ।

भगवान् बुद्धले **बुद्धत्त्व** प्राप्त गरेको चौथौं हप्तामा चिन्तन गर्नु भएको धर्म यही अभिधर्म हो अनि भगवान् बुद्धले बोधिज्ञान प्राप्त गर्नु भए पछिको साँतौ वर्षावास आफ्नी आमा माता मायादेवीले जन्म लिनुभएको त्रायस्त्रिंश देवभूमीमा ऋद्धिवलको माध्यमबाट जानुभई तीन महिनासम्म अभिधर्म देशना गरेर आफ्नी मातालाई स्रोतापन्न प्राप्त गराएको भनी ग्रन्थमा उल्लेख गरिएको पाइन्छ । त्रायत्रिंश देवभूमीबाट फर्केर भगवान् बुद्धले सर्वप्रथम भिक्षु सारिपुत्रलाई अभिधर्मको देशना गर्नुभएको थियो । अनि अग्रश्रावक सारिपुत्रले पनि ५०० जवान आफ्ना शिष्य भैरहने भिक्षुहरूलाई विस्तृत रूपले अभिधर्म बारे बताउनु भएको व्यहोरा पनि उल्लेख छ ।

बुद्ध कालमा बुद्ध धर्म देशना लिपिवद्ध गरी लेखिराखेको नभएतापनि ५०० वर्ष पछि सम्म पनि लोप नभै रहिरहेको तथ्यलाई विचार गरी हेरेमा यो स्पष्ट हुन आउँछ कि भगवान बुद्धले आफ्ना उपदेशरू तितर वितर हुने गरी छरिएर गएको होइन आफ्नै ढुकुटीमा सम्हालिएर रहने गरी राखी जानु भएको हो । त्यही ढुकुटीमा रहेका बुद्ध उपदेशहरू झिक्दै छुट्टाछुट्टै तीन टोकरीमा राखियो । त्यही तीन टोकरी मध्येको एउटा अभिधर्म हो । भगवान् बुद्धको ढुकुटी भनेको वहाँले धर्मदेशना गर्ने वेला सदा अगाडि रहने वहाँका भिक्षु, भिक्षुणी, उपासक र उपासिकाहरूको सदा खुल्ला रहने मन हो । त्यही मनमा रहेका बुद्ध उपदेशहरू एक मनले अर्को मनमा सार्दा सार्दै ५०० वर्ष पछि तीन भाग गरी त्रिपिटक नामले विभाजित गरिएको थियो । यसबाट स्पष्ट हुन्छ बुद्धधर्म लेखेर पुस्तक तयार गर्नलाई होइन, पढ्नलाई मात्र पनि होइन, किन्तु मनमा राखेर धारण र पालन गर्नका साथै आचरणमा उत्तार्नको लागि हो ।

साधारण दृष्टिबाट हेर्नु र अभिधर्मको दुष्टिबाट हेर्नुमा फरक छ। अगाडि बलिरोखको एक मैनवत्तीलाई साधारण दृष्टिबाट हेर्दा लाम्चो गोलाकारको मैनबत्ती



Downloaded from http://www.dhamma.digital

बलिरहेको मात्र देखिन्छ तर अभिधर्मको दृष्टिबाट हेर्ने बेला मैनबत्तीको आकारमात्र होइन त्यसको गुण, स्वभावधर्म पनि देखिने हुन्छ । अनि बलिरहेको बत्ती द्रुतगतीले बल्ने निभ्ने भैरहेकोले मात्र एउटा बत्ती बलेको जस्तो भैरहेको वास्तवमा कैयौं बत्ती बल्यो कैयौं बत्ती निभ्यो, बत्ती बल्ने र निभ्नेको लहरमात्र हो भनेर देख्न सक्ने हुनेछौं । यो संसारलाई साधारण दृष्टिबाट हेर्ने बेला आसक्त हुने, तरीकामा फँस्दछ भने अभिधर्मको दुष्टिबाट हेर्नेबेला अनासक्त हुने (प्रज्ञा पुष्ट गर्ने) तरीका देखिन्छ ।

साधारणः हामीसंग दुई आँखा भनी जानिराखेकोमा अभिधर्मको अध्ययनबाट बाहिर हेर्न मांसचक्षु र आफूले भित्र हेर्न ज्ञानचक्षु समेत गरी दुई प्रकारका आँखा हामीमा भएको महशूस हुन आउँछ ।

बैज्ञानिकहरूले भौतिक पदार्थ टुक्रा गरी फार्दै विभाजन गरी देखाउन लाशलाई पोष्टमार्टम गरे जस्तै चक्कु वा कुनै हतियार प्रयोग गरी टुक्रा गर्छन । तर बुद्ध धर्ममा त्यसरी टुक्रा टुक्रा गरी हेर्नलाई हतियार प्रयोग गरिरहन पर्दैन । ज्ञानले मात्र टुक्रा टुक्रा गरी विभाजन गरी हेर्ने भैराखेको कुराले गर्दा ती दुईको अनुसन्धान गर्ने तरीका पनि फरक भएको कुरा अभिधर्मको अध्ययनबाट बोध हुन आउँछ ।

सर्वसाधारणले महशूस गरी लक्ष्मी (पैसा) सार्है चञ्चल छ भनिरहन्छन् । तर उनीहरूले त्यसमा आफ्नो मन चञ्चल भइरहेको चाल पाउँदैनन् । अभिधर्मको अध्ययनमा निर्जीव पैसा (लक्ष्मी) चञ्चल भएको होइन, मानिसको आ-आफ्नो मन चञ्चल भएको हो भनेर थाहा पाउने हुन्छ । मनले इच्छा नगरीकन पैसा खर्च गर्दैन, कमाउन पनि कमाउँदैन, न पैसाको लागि नाना प्रकारको काम नै गर्दछ । “म” भनेको एकैमात्र भन्ने धारणा भैराखेकोमा अभिधर्मको अध्ययनबाट अज्ञानले भन्ने “म” र ज्ञान भएर भन्ने “म” मा पनि अन्तर देखिने हुँदा“म” भनेको एक होइन दुई थरी हुन्छन् भन्ने कुरा पनि बोध हुन आउँछ । जस्तो कि अज्ञानले भन्ने“म”मा आशक्त, अहंभाव, आत्मभाव हुने गर्दछ । अनि ज्ञान पाएर व्यवहारबाट करकापमा परी भनिने “म” मा अनाशक्तता हुन्छ, आत्मा भनेको छैन रहेछ भन्ने अनात्मज्ञान हुन्छ । छोपिराखेको उधारी नहेरेसम्म भित्रको वस्तु नदेखिने जस्तै र गाँठो फुकालेर नहेरे सम्म भित्रको वस्तु नदेखिने जस्तै र गाँठो फुकालेर नहेरेसम्म गाँसिइरहेको नछुप्ने जस्तै अभिधर्मको दृष्टिबाट विषय वस्तुलाई नहेरेसम्म “म” मेरो” भन्ने अर्हभाव आत्मभावले छोपिरहन्छ र धर्मको यथार्थतालाई देख्न सक्ने हुनेछैन ।

अभिधर्मको दृष्टिबाट हेरी धर्मको यथार्थतालई देखेपछि मात्र “म” “मेरो” भनी समातिराखेका सबै भ्रमभाव हो भन्ने ज्ञान भएर आउँछ । जस्तो कि कुनै एक वस्तु आँखाले देख्यो भने त्यो वस्तु मैले देखेको भनी आत्म आत्मभाव हुनेहरूले भन्ने मात्र होइन दरिलो धारणा पनि लिईरहन्छन् । अभिधर्मनुसार कुनै एक वस्तु हेर्न त्यस वस्तुको आकार, वर्ण सम्पर्कमा आई वस्तुलाई देख्ने आधार “चक्षुप्रसाद” त्यो वस्तु देख्न उत्पन्न हुने चक्षु-विज्ञान वस्तु देखाउनका लागि मद्दत गर्न प्रकाश समेत चारवटाको संयोगले मात्र त्यो वस्तु देखिएको हो । त्यसमा एउटा मात्र नभएमा देख्न सकिने हुन्न । राम्ररी अभ्यान्तरबाट विचार गरी हेरेमा ती चारवटै अनित्य छन् । “म” होइन भन्ने ज्ञान उत्पन्न हुनासाथ मैले देखेको भन्ने पनि भ्रम मात्र रहेछ भन्ने अनात्मज्ञान पुष्ट हुन्छ । संक्षिप्तमा भन्ने हो भने अभिधर्मबाट अनित्य, दुःख र अनात्मलाई झन-झन स्पष्ट गर्नमा टेवा मिल्ने हुन्छ ।

*साभार- बुद्ध, चित्त व विपश्यना विषयय्*

*इन्द्रनारायण मानन्धर*





Downloaded from http://www.dhamma.digital

# गज्याःम्ह पासायात पत्याः यायेगु ?–२

✍ सुनिता मानन्धर

अनं लिपा पंझाः दुने सुपिया जुलं । इमां वयात लाये मफुत । उकिं इमां वयात झंगः लानाः ज्वनेगु बिचाः यात । इमा पंझाःया नापसं च्वंगु सिमाय् च्वंवन । इमां खायात पासा थें तायेकाः थथे धाल, 'पासा कुक्कटराज छ जि खनाः छाय् ग्यानागु ? जि छिलिसे त्वाय् चिने मास्ति वः । फलानागु थासय् नसा मालेगु यक्व दु । अन निम्हं मिले जुया वने । थवंथवय् प्रेमपूर्वक च्व वने वा । थ्व खँ न्यनाः खां धाल,– 'यःम्ह जितः छ प्रति विश्वास मदु । छ जक हुँ । खां थुकथं लिसः बिल । तर इमा हानं वयात विश्वास याकेगु बिचाः यात । उकिं इमां धाल, ' जिं न्हापा यानागु पाप कर्म यानाः छं विश्वास मयाःगु खः । आवंलि अथे याये मखु ।' तर खां वया खँय् विश्वास मयाः । खां अःपुक हे वयात त्याग यात ।

खँ ल्हायेगु स्वभाव थःथः कथंया दइ । गुलिं छाक्क खँ ल्हाइ । गुलिं नाइक स्याचुक्क खँ ल्हाइ । छाक्क कडा बचन ल्हायेगु बांलाःगु व्यवहार मखु । उकिं सकसिनं नाइक खँ ल्हाइपिं ययेकी ।

थन नाइक खँ ल्हानाः छैं-बुँ थःगु नामय् याना काइ । किजां दाजुयात छैंनं पितिनी । कलातं भाःतयात स्याइ । अझ थः हे जन्मदाता मांबौपिंत तकं झंगः लाइ । थन नाइक खँ ल्हानाः च्वय्या दर्जाय् थ्यनी । खँ व भाषणं मक्ख याना तइ । तर थः त हित जुइगु ज्याखँ जक याइ । थःगु निजी स्वार्थ जक पूवंकी । उकिं मिखा तिसिनाः सुयातं विश्वास याये मजिउ । थुगु जातकय् गज्याःपिंत विश्वास याये जिउ धइगु खँ नं कनातःगु दु । गुगु थुकथं दु –

पापीम्हेसित गबलें विश्वास याये मते । मखुगु खँ ल्हाइम्हेसित नं गबले विश्वास याये मते । अले थः के गुण मदुसां दुः थें च्वनीम्हेसित नं विश्वास यायेमते ।

गुलिं गुलिं मनूत प्याःचाम्ह सा थें जुइ । इमिसं खँ ल्हानाः पासापिंत लय् तायेकी तर ज्यां मखु । थज्याः पिंत नं विश्वास यायेमते ।

खालीगु ल्हाः दुपिं खँ जक सःपिं थज्याःपिं निस्सारपिंत विश्वास याये मते । लाज शरम मदुपिंत नं विश्वास याये मते । अकृतज्ञपिं मनूतय्त नं विश्वास याये मते ।

मिसापिं जुइमा वा मिजंपिं, तुरून्त मन हिलीपिं जूसा इमित गबले नं विश्वास याये मते ।
अनर्थ ज्याखँ याना जुइपिं, अस्थिरपिं, न्ह्याम्हेसितं घात यायेत तयार जुइपिं दापय् दुने सुलाच्वंगु तरवार थें खः । उकिं थज्याःपिंत नं विश्वास यायेमते ।

नायुगु बचन ल्हानाः छाः गु नुगः तयाः अनेतने कथं पासा दयेका जुइ । थज्याःपिंत नं विश्वास यायेमते ।

धनसम्पत्ति ठगे यानाः स्याना जुइपिंत नं गबलें विश्वास याये मते ।

सुयातं अःपुक छत्थुं विश्वास याये मजिउ । थुकिं थःगु अस्तित्व नापं संकटय् लाये यः । थः जक मखु थःगु वंश नापं न्हना वनेयः । उकिं इलय् हे थः शत्रुयात म्हसीकेमाः । थन खातयूसं इमायात म्हसीके मफुत । वयात अःपुक विश्वास यात । तर व हे इमां खातय्त छम्ह छम्ह यायां स्याना नल । तर बोधिसत्व खां इमायात म्हसीकल । वं इमापाखें गुकथं बचे जुइगु उपाय नं यात । थुकिं यानाः याकःचा जुल । तर नं थःगु न्ह्यःने दंवःसां शत्रुयात इलय् म्हसीकेमाः । वपाखें तापाक च्वनेमाः धइगु खँयात थुकथं न्ह्थनातःगु दु ।

आपालं शत्रुत मित्रया रूपय् लगे जुयाच्वनी । थज्याः पिंत खां इमायात त्याग याः  थें त्याग यायेमाः ।

गुम्हसिनं तुरून्त खँ थुइका काये फइ मखु । व लिपा शत्रुया ल्हातय् लाःवनी । अले नुगः मछिंका च्वनेमाली

गुम्हसिनं तुरून्त खँ थुइका काइ । व शत्रुया ल्हातं मुक्त जुइ फइ । व इमाया ल्हातं बचे जूम्ह खा थें जुइ ।

बुद्धिमान मनुखं अधार्मिक विध्वंशकारी मनूयात त्याग यायेमाः ।

■

> ***"सत्पुरुषहरूले भौतिक सम्पत्तिमा अति लोभ गर्दैनन् । उनीहरू शान्तपूर्वक जीवन बिताउन चाहन्छन् । पञ्चकाम विषयक कुरा गर्न रूचाउँदैनन् । सुःख होस् या दुःख, त्यस विषयमा पनि केही बोल्दैनन् ।"***
>
> *- धम्मपद*



Downloaded from http://www.dhamma.digital

# प्राणीहिंसा याना: स्वर्गय् वनी ला ?

✍ **प्रेमलक्ष्मी तुलाधर**, ङत

जीवन भिं कथं न्हयाकेगु ख:सा भ्रीगु हिनुलो नामं ल्वाकज्यानाच्वंगु राग, द्वेष, मोह, थें जागु अमंगल मत स्याना: राग, द्वेष, मोह रहितगु ज्ञानया मंगल मत च्याकेगु नितिं जीवनय् भिं भिंगु ज्या याना वनेगु, शीलय् च्वना: आचरण शुद्ध यायेगु, कर्तव्य पालन यायेगु काय्, वाक, चित्त शुद्ध यानाच्वनेगु, दुथें फुथें दान यायेगु करपिंत उपकार जुइगु ज्या याना वनेगु हे कर्मया मू, हा ख: । अथवा थ्व धइगु हे कुशल कर्म थम्हं यानागु ज्याया पुण्य ख: । वहे पुण्यया प्रभावं भ्रीगु जीवनय् भिं जुया: सुख वृद्धि जुइगु व पला: पतिकं भाग्यया मंगल मत च्याइगु ख: ।

मंगल- भ्रीसं सिउगु कथं पिहां वनेवलय् ल: जा:गु घ: धौ आदि जा:गु खनीगु मंगल धाई । अथे हे पिहां वनेबलय् खालीगु थल, लाकां फंता पुलीगु, भौचां वा सर्पं लँ त्वाथलीगु आदि आदि जुल धा:सा उकियात अमंगल धाइ । तर भगवान बुद्धं उगु इलय् ध्वामथुपिं मनूतयत मंगल, अमंगल धैगु छु ख: व जीवन सुथां लाक्क म्ह्याकेत भिं कथं जुइकेगु नितिं ३८ पु मंगलया विषयलय् उपदेश वियाविज्यागु दु । उकि मध्ये नं बुद्ध धर्मया मू हा कथं राग, द्वेष, मोह मदयेका च्वनेगु स्वंगू मंगल ख:सा व स्वंगू म दयेका च्वनेगु अमंगल धका: नं धयाबिज्यागु दु ।

थ्व स्वंगू मंगल जीवनया मत ज: ख:सा थ्व स्वंगूयात म्हसीके मफुत वा थुकी दुने डुबे जुयाच्वन कि जीवनया मत जलं मख:गु खिउँगु अमंगल थासे च्वनेगु थें ख: । उकि जक मखुं थ्व स्वंगू मंगल जीवनया मू हायात थुइका: भिंगु कर्म याना वन धा:सा दशा गबलें नं दई मखु । मखु धइगु जूसा थम्हं यानागु कर्म हे भ्रीत दशा जुया: जन्मजन्मान्तर लिउ लिउ वयाच्वनीगु कर्म फल ख: । गथे कि भ्रीसं जात: क्यनेबलय उल्का धका: धया हई । उकियात फायेक्यत पूजा पाठ यायेगु बिया हइ । याना थें दशा फाला वनी धका: बिचा: याये हे माल । शायद अज्ञानी मनूतय् थम्हं यानागुया फल धका: मसिउपिंत उद्वार यायेया नितिं द्य:पिं उत्पति जुया: मनूतयगु मन शान्त यायेगु उपाय् क्यनाबिज्या:गु । थ्व नं भ्री सकसिगुं लिधंसा ख: । थथे यायेबलय् रक्षा नं जुई । वसपोलपिंसं पूजा फया: कयाबिज्यागुलिं जुइमा: । मिखाय् लाइगु मिखाफुसुइ लानावन धाथे थें । भ्रीसं याना नं द्य:पिंत दु:ख हे धायेमा: । छाय् कि "जित: थथे जुल, अथे जुल । दु:ख जुल, दु:ख मदयेका बी माल । इच्छा पुरे याना बिज्याये माल" धका: द्य: या पूजा याइ । द्यवं नं पूजा कया थें मनुष्यया कर्म जाँचे याई । अले पुण्य दुम्हेसि कर्म अनुसार स्वयाबिज्याइ । यदि पुण्य मदुसा, उपाय मदुसा कर्मय् गथे जुइगु ख: अथे अथेहे जुई । अथे धैगु द्यवं याये मफुगु धइगु हे थम्हं यानागु कर्म भोग ख: । अथे जूगुलिं कर्मया मू हा धइगु कुशल कर्म दशा मदयेका बीगु मंगल मत ख:सा अकुशल कर्म दशा जुया: मंगल मत स्याना: अमंगल याना बीगु ख: ।

अथेजूगुलिं भ्रीसं भिंगु वा मभिंगु फल फुक्क थम्हं हे भोगे यायेमा: धका: थुइका: धर्म, कर्तब्य, आचरण भिंका वनेगु हे मंगल मत ख: । ख: मखु थुइके मफुत धा:सा स्वर्गय् वने धातलें नर्क भोग यानाच्वने मालेफु ।

भगवान बुद्धया पालय्या घटना छगू थन उल्लेख याये, छम्ह ब्राम्ह्णं स्वर्गय वनेगु लंपु छु धका: उमि गुरूयाके न्यन । गुरूं लिसलय् धाल "प्राणीपिंत होमय् दुफायेगु यात धा:सा स्वर्गय् वनी ।" गुरूया थज्या:गु आज्ञा जुइवं व ब्राम्ह्णं प्राणी अर्थात जनावर धाक्व: सित ज्वना: कुना विल । दक्व जनारवरयात कुना बिउबलय् फुक्कं जनावरत पीडा जुया: तसकं हाला उपिं तत:सलं हा:गु सलं लयताया: स्वर्गय् वनीगु जुल धका: मनय् तायेकाच्वन । तर थ: गथे पर नं अथे हे ख: धका: मसिया: पुण्य भा:पा च्वंगु होमया ज्याभ्व: पाप धका: मसिल । लय्लय्ताया: ब्राह्मणं ला भगवान बुद्धयात नं होम याय् त्यनागु खं वांला:गु हे खँ धका: कं वन । भगवान बुद्धं न्यनाबिज्यात, 'छुकियागु लसताय् होम याये त्यनागु ? थ्व होम धका छु पूजा यायेगु ? ब्राम्हणं धाल, 'स्वर्गय् वनेत होम यायेत्यनागु ख: । थुकी जनावरतय्त मिइ दुफाना: होम पूजा यायेगु जुइ ।"

भगवान बुद्धं धयाबिज्यात, कर्पित स्याना: स्वर्गय् वनेगु थ्व छु धर्म ? धर्मया अर्थ बाँलाक थुइके माल । थथे कर्पित स्याना: स्वर्गय् वने दइगु जुसा पाप छुकियात



Downloaded from http://www.dhamma.digital

धायेगु ? धालखँय् ब्वां वनेगु स्वये मते । खः मखु थुइकेगु स्व । यदि धाथें स्वर्गय् वनेगु खःसा थःगु मनय् च्वंगु राग, द्वेष, मोहया खनेमदुगु छ्वयाच्वंगु मि स्या, थः पाखें कर्पित उद्दार जुइगु ज्या या । अले जक स्वर्गय् वने दइ । नत्रसा प्राणीपिंत स्याना होम याइबलय् गुलि ताप जुइगु खः व हे तापं पापं छंत नं पुनाः म्वाः म्वाःक नर्क भोग यायेमाली । अथे जूगुलिं कुनातःपिं प्राणी सकसितं अभयदान बियाः त्वःताछ्व । मखु धइगु जूसा छंगु ल्हाः छपा निं मिइ दुनाः होम या अले छंत गथे जुइ अथेहे प्राणीपिंत नं जुइ धकाः ज्ञानया मिखां खंकि ।

थथे धासें वसपोलं स्वर्गय् वनेगु मंगल मतया विषयलय् धयाबिज्यात, कर्त्तव्य पालन यायेगु नं मंगल, मांबौपिंत दुथें फु थें नकाः त्वंकाः सुसाः कुसाः बिचाः यायेग थः परिवार नोकर थःथितिपिंत गच्छेअनुसार ग्वाहालि यायेगु, दान दक्षिणा बिइल्वपिंत त्याग चितं दान यायेगु नं मंगल खः । थः पाखें मेपिंत भिं जुइगु, सुख, उपकार जुइगु ज्यां जक धर्म लाई पूण्य दई । कर्पित दुःख बियाः स्यानाः गबलें नं भिं जुइ मखु । स्वर्ग वनिमखु बरू नर्क भोग यायेमाली ।" लिसें वसपोलं स्वर्गय् वनेगु खःसा मेगु स्वंगू मंगल मतया खँ कनाबिज्यात-

**सजे भने नकुज्चंय दज्जा अप्पंपि याचितो ।**

अर्थात् सत्य खँ ल्हायेगु, तं पिमकायेगु, दुथें फुथें दान बीगु ।

ऐतेहि तीही थानेहि गच्छे देवान सन्तिके ।"

अर्थात्, थ्व स्वंगू पालना यात कि देव लोक अथवा स्वर्गय् वनी ।

भगवान् बुद्धया उपदेश न्यनाः उम्ह ब्राम्ह्णं थम्हं कुनातःपि प्राणीपिंत अभयदान बिइाः त्वः ता छ्वत । भगवान बुद्धया उपदेशं ज्ञानया मिखा चाःम्ह ब्राम्हणं नर्कया लँपु बन्द याना स्वर्गया लँपु चायका बिज्याःम्ह बुद्धया शिष्य जूवन । ■

## पशु पंक्षी बलि दिने प्रथा रोक्नको लागि निवेदन दर्ता

थेरवाद बौद्ध दायक केन्द्रिय परिषदका अध्यक्ष बखत बहादुर चित्रकारले धार्मिक आस्थाको आधारमा निर्दोष पशु पंक्षीहरूको बलि दिने प्रथा रोक्न पर्ने विषयमा सर्वोच्च अदालतमा दिइएको निवेदन दर्ता भएको समाचार प्राप्त भएको छ ।

# बुद्ध छःपिं लुमंका च्वने

✍ **कृष्ण देवी वज्राचार्य**

बुद्धया भक्ति भाव मनय् तयाः बुद्ध पूजा याः वया श्रद्धा भावं जीवन न्ह्याकेत पञ्च शील प्रार्थना याः वया ।

चित्त वृत्ति शुद्ध यानाः
बुद्धया शरणय् वयाच्वना
नित्य गुरु याः ध्यान यानाः
ज्ञान अमृत सदां त्वने ।

न्हयाक्व हे दुःख कष्ट जूसां
छपिनिगु ज्ञान ज्वना च्वने
आपद विपद न्हयागु हे जूसां
बुद्धं छःपि लुमंका च्वने ।

नःसां त्वंःसां द्यंसां दंसां
हरपल हरक्षण बुद्धया नां कया च्वने ।
न्ह्याम्हःस्यां जितः न्हयागु हे धाःसां
बुद्धया धर्म ज्वना हे च्वने ।

■

## बुद्ध सम्वन्धी केही जानकारीहरू –

★ देवदत्तले तीनपल्टसम्म बुद्धलाई मार्न खोजेको थियो –
(१) हत्यारा पठाएर । (२) गृद्धकुट पर्वतमा ढुंगा खसालेर (३) नालगिरी नामक पागल हात्ती छाडेर
★ राजा अजातशत्रुलाई हातमा लिई देवदत्तले बुद्धलाई मार्न खोजेको थियो ।
★ अजातशत्रु - मगध नरेश । पिता : बिम्बिसार । आमा : कोसलदेवी । पत्नी : बजिरी । छोरो : उदयभद्र ।

*(साभार- बौद्ध दर्पण)*



Downloaded from http://www.dhamma.digital

# Solidarity of Religions for Peace

**- Deva Kaji Shakya**
*Regular Participant (Buddhism)*
*In WARP work Office, NEPAL*

To be born in "Human Realm" is rare, precious, very important and significant. Human beings have vast potentialities, which remain hidden and covered up like the sun enveloped by the cloud, because of terrible ignorance. We have Buddha Nature(the potentiality of being enlightened), very within our heart and it does not manifest until we become able to tear down the shroud of ignorance. Only through the extraordinary strength and power of "Dharma" I.e. the practice of righteousness in speech, thoughts and actions, we can shatter down the cover up of ignorance.

Venerable Master Tai Hsu said, "When you become fully human, you will be Buddha (the Enlightened One)". Be a perfect human being, recognize, respect and practice human values in perfect ways, that gradually help manifest the Buddha Naturelatent in a human being. "Path to Humanity is Path to Buddhahood", Venerable Master Hsing Yun, The Champion of Humanistic Buddhism says.

Religious Faiths should give blueprints for managing our lives in a perfect way for leading blissful and peaceful life in this world of sufferings, which people themselves are responsible for. The preamble in the Charter of UNESCO says, "Since it is in the minds of men that wars are created, it is in the minds of men that fortresses against war must be created".

The Buddha`s words for oneness and co-existence for mutual survival read like these, "Whatever doctrine you shall hear, bearing upon what is good, to all of that doctrine, you listen to, with attentive ears, digesting it, pondering on it, gathering it all up with your will". Kalama Sutta of Buddhism says, "One must not be persuaded by teachers, texts, logics or arguments but only through personal understanding and confidence in the truth one should reach to rational conclusion." Venerable Master Hsing Yun says, "Rely on Dharma, not on an individual teacher; rely on meaning not on the words; rely on the ultimate truth, not on the relative truth; rely on wisdom not on knowledge." These are rational teachings compatible to the Buddhist spirit.

The Buddha once gave to a so-called scholar named Kapithaka, a piece of advice, not to come to conclusion that this alone is truth and everything else is false. To be attached to one thing, or to a certain view and to look down upon other things (views) as inferior is a detrimental factor in maintaining peace and happiness in the society. Such a narrow tendency of attachment is one of the fetters as the main obstacle to bring peace and harmony among various religious faiths. We should give emphasis on promotion of positive attitude to feel connected with our fellow beings of the world we live in and with nature too. Sense of togetherness and solidarity, with loving-kindness, compassion, altruistic joy and last but not the least, the equanimity among different religious faiths need to be developed and we should work for its promotion, if we really want to have stable peace in this world.



Downloaded from http://www.dhamma.digital

One of the scripts engraved in stone on Asoka Pillars says: One should not honour only one`s own religion and condemn the religions of others, but one should honour other`s religions. In so doing, one helps one`s own religion to grow and renders service to the religions of others` too. In acting otherwise one digs the grave of one`s own religion and also does harm to other religions.

Angutara Nikaya of Buddhism underlines the importance of well- spoken not ill spoken, blameless and above the reproach words and language, which are timely, true, gentle, purposeful and kind hearted. Speeches and writings of speakers and writers must foster concord, faith and confidence free from fear and suspicion. We should develop equanimity to be able to listen to others and stop passing judgements with bias against others.

Mangal Sutta of Buddhism stresses that reverence, humility, contentment, gratitude and opportune hearings of Dharma are supreme blessings conducive to Peace and Happiness in the world. Metta Sutta of the Buddhist Philosophy says, "Let thoughts of boundless love pervade the whole world, above, below and across without any obstruction, without any hatred and without any enmity."

Love, Love, love, pure, crystal- clear and spotlessly clean love for humanity is vital for peace and bliss of the world to make it free from conflict, terror, violence, chaos and egoistic struggle, rivalry and competition.We should be very optimist that we can achieve World Peace and Bliss not overnight but gradually in due course of time, as envisaged and cherished by the great teachers and peace lovers.

What we need is the perfect realization and the consistent practice in treating and honoring human beings just as human beings purely. We should not look at our fellow human beings with discriminatingeyes of religions and faiths - like Buddhists, Hindus, Christians, Muslims etc, with discriminating eyes of Nationalities – like Europeans, Americans, Nepalese, Koreans, Indians etc, and with the discriminating eyes of race, caste, creed, culture and traditions. Let us promote the sense of global village concept and universal fraternity, realizing the true spirit of, "Stand locally and think globally".

The best thing is to realize ideals; the next best thing is to be nearer the ideals and the only ideal is to do the right thing at the right moment as demanded by time and situation, and to resist from doing wrong things, which disturbs harmony, peace and bliss of humankind.

Let us launch a powerful campaign for non-violence, peace, harmony and happiness in this human world through humanistic touch of religion, promoting multi religious cooperation in the countries around the world. Let us maintain contacts and the highest degree of communication among the religious leaders working for peace and harmony in this turbulent world to do the utmost to unleash, the positive and socially transformative power of religions in giving a new shape to the world we live in, for our cherished desire to obtain peace, progress, prosperity, harmony and happiness. Let us join hands together to move forward for solidarity and unity. United we stand and divided we fall.Let us rejuvenate our energy and spirit to work for peace and bliss of entire humanity to reach goal as envisaged by Buddhism. ■



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार — गतिविधि

## विषयः अभिधर्म

*२०७५ कार्तिक १० गते*
*प्रवचिका- रीना तुलाधर*
*प्रस्तुति- मिनरबती तुलाधर*

भगवान् बुद्धले ४५ बर्ष सम्म चारिका गर्नु हुँदै दिनु भएको उपदेश धर्मस्कन्धको हिसाबले ८४,००० छन् । पिटकको हिसाबले तीन भागमा बिभाजन गरेका छन् । ती हुन्ः– (१) सुत्त पिटक (२( विनय पिटक (३) अभिधर्म पिटक

भगवान बुद्ध परिनिर्वाण भएको ३ महिना पछि प्रथम– संगायना भएको थियो । उत्त संगायना राजा अजातशत्रुको संरक्षणमा सप्तपर्णी गुफामा सम्पन्न भएको थियो । दोस्रो संगायना बुद्ध परिनिर्वाण भएको १०० वर्षपछि राजा कालाशोकको संरक्षणमा वैशालीको वालुकाराम विहारमा भएको थियो । तेस्रो संगायना अशोकराम विहारमा सम्राट अशोकको संरक्षणमा सम्पन्न भएको थियो । तेस्रो संगायना पछि मात्र अभिधर्मको शुरू भएको थियो । अभिधर्म पिटकमा जम्मा ७ वटा ग्रन्थहरू छन् ती हुन्ः–

(१) धम्मसंगणी (२) विभङ्ग (३) कथावत्थु
(४) पुग्गलपञ्ञति (५) धातुकथा (६) यमक (७) पट्ठान

भगवान् बुद्धले सातौं वर्षावास त्रायतिस देव लोकमा ३ महिना सम्म आफ्नो आमा सन्तुषित देवपुत्र सहित ३३ कोटी देवताहरूलाई अभिधर्मको देशना गर्नु भएको थियो । मनुष्य लोकमा भगवान् बुद्धले भिक्षु सारिपुत्रलाई संक्षिप्तमा धर्मदेशना गर्नु भएको थियो । सारिपुत्र भन्तेले आफनो ५०० जना चेलाहरूलाई अति संक्षिप्तमा पनि होइन विस्तृतमा पनि होइन ठिक तरिकाले देशना गर्नु भएको थियो ।

अभिधर्म भनेको विशेष प्रकारको धर्म अतिरेक धर्मलाई भनिन्छ । सत्य दुई प्रकारका छन् ।

(१) प्रज्ञप्ति सत्य–भौतिक वत्थु
(२) परमार्थ सत्य–चित्त, चेतसिक, रूप, निर्वाण

पञ्चस्कन्ध – रूप, वेदना, सञ्ञा, संस्कार, विञ्ञाण
आधाररूप– पृथ्वी, आपो, तेजो, वायु
रूप– २८ वटा
इन्द्रिय – ६ वटा (१) चक्खु विञ्ञाण (२) स्रोत विञ्ञाण (३) घ्राण विञ्ञाण (४) जिह्वा विञ्ञाण (५) काय विञ्ञाण (६) मनो विञ्ञाण

✪

## धम्मपद–सहस्सवग्ग

*२०७५ मंसिर २२ गते, शनिवार*
*प्रवक्ता- देवकाजी शाक्य*
*प्रस्तुती- राजभाइ तुलाधर*

**यं किञ्चि यिट्ठं व हुतं व लोके,**
**संवच्छरं यजेथ पुञ्ञपेक्खो ।**
**सब्बम्पि तं न चतुभागमेति,**
**अभिवादना उज्जुगतेसु सेय्यो ॥**

पुण्य प्राप्त गर्ने इच्छाले यो संसारमा वर्षैभरी सानो ठूलो यज्ञ, होम पूजा, पाठ आदि गरे पनि यसको फल अरहन्त भिक्षुलाई आदर गौरव सहित गरेको अभिवादनको एक चौठाइ पनि हुँदैन ।

एकचोटी सारिपुत्र भन्तेले एकजना आफ्नो ब्राम्ह्ण साथि संग कुनै कुशल कर्महरू गरीरहेका छौ कि छैन भनेर सोध्दा त्यो ब्राह्मणले ब्रह्मलोकमा जन्मनको लागि वर्षैभरि ठूलो मात्रामा यज्ञ होम आदि गरिरहेको छु भने । सारिपुत्रले उसलाई तिम्रो गुरूहरूले तिमीलाई झुट्टा आश्वासन दिइ राखेको छ भनेर बुद्धकहाँ लगे । बुद्धले ब्राह्मणलाई भन्नुभयो– "आर्य पुद्गलहरूलाई गरेको एक दिनको पूजा वर्षभरी गरेको यज्ञ होम आदि भन्दा श्रेष्ठ हुन्छ ।" यही सिलसिलामा भगवानले माथिको गाथा व्यक्त गर्नु भयो ।

**अभिवादनसीलिस्स, निच्चं वुद्धापचायिनो ।**
**चत्तारो धम्मा वड्ढन्ति, आयु वण्णो सुखं बलं ।**

जसले राम्रो शील आचरण भएकालाई र परिपक्व भएका बृद्धहरूलाई सधैं आदर गौरव गर्छ उसको आयु, वर्ण( सौन्दर्य), सुख र बल बढ्छ ।

एउटा परिवारले एकजना साधुकहाँ गएर उसको पूजा सत्कार गरे । साधुले माता पितालाई आयुबुद्धिको आशीर्वाद दिए तर सानो छोरालाई चाहीं आशीर्वाद दिएन । कारण सोध्दा बच्चाको आयु सात दिन मात्रै बाँकी छ, त्यसैले नदिएको भने । आयु बढाउन के गर्नु पर्छ भनेर



Downloaded from http://www.dhamma.digital

सोध्दा साधुले मलाई यसको उपाय थाहा छैन तर गौतम बुद्धलाई थाहा हुन सक्छ , उसकहाँ लैजाउ भने बुद्धकहाँ लैजाँदा वहाँले पनि बच्चालाई आयुबृद्धिको आशीर्वाद दिएन। तर वहाँले सात दिनसम्म परित्राण पाठ गर्न लगाएर पछि बच्चालाई लामो आयुको आशीर्वाद दिनु भयो र भन्नुभयो कि अब तिम्रो छोरा एक सय बीस वर्ष सम्म बाँच्नेछ। भिक्षुहरूले आयु बढाउने उपाय पनि छ र भनेर सोध्दा भगवानको माथिको गाथा भन्नुभयो।

**यो च वस्ससतं जीवे, दुस्सीलो असमाहितो।**
**एकाहं जीवितं सेय्यो, सीलवन्तस्स झायिनो॥**

आफ्नो इन्द्रियहरू बशमा नभएको दुराचारी व्यक्तिको सय वर्षको जीवन भन्दा शीलवान् भएर राम्ररी ध्यान भावना गर्ने व्यक्तिको एक दिनको जीवन श्रेष्ठ हुन्छ।

कोण्डण्य भिक्षु जंगलमा गएर ध्यान भावना गरेर अर्हत भए। भगवानलाई नमन गर्न भनी जंगलबाट फर्किरहेको वेला थकाइ लागेर एउटा ठूलो ढुंगामाथि बसे। गहिरो ध्यानमा लीन भए। त्यही वेला पाँच सय डांकाहरू लुटेर ल्याएको सामान सहित त्यहाँ पुगे। भिक्षुको शरीरलाई रूखको फेद ठानेर लुटेर ल्याएको सामानहरू सबै भिक्षुको वरिपरि थुपारे। डांकाहरूले आफ्नो गल्ती थाहा पाएपछि माफी मागे। उनीहरूले भिक्षुत्वको लागि अनुरोध पनि गरे। कोण्डण्यले उनीहरूलाई भिक्षु बनाएर भगवानकहाँ लगे। सबै कुरा सुनी सकेपछि भगवानले माथिको गाथा सुनाएर नवआगन्तुक भिक्षुहरूलाई उपदेश दिनु भयो।

✪

## विषयः अभिधर्म

*२०७५ मंसिर ८ गते*
*प्रवचिका- श्रीमती रीना तुलाधर*
*प्रस्तुती- मिनरबती तुलाधर*

यस दिन श्रीमती रीना तुलाधरले अभिधर्म अर्न्तगत परमार्थ धर्मको विषयमा बताउनु भएको थियो।

परमार्थ धर्म ४ प्रकारका छन्। ती हुन् –

(१) चित्त (२) चेतसिक (३) रूप (४) निब्बाण

(१) चित्त भन्नाले आरम्मणलाई जानु थाहा पाउनु, चिन्तना गर्नुलाई भनिन्छ। चित्त संक्षिप्तमा ८९ वटा, विस्तृतमा– १२१ वटा छन्। चेतसिक– ५२ वटा, रूप– २८ वटा

**५२ वटा चेतसि** –

| | | |
|---|---|---|
| सब्बचित्त साधारण चेतसिक | – | ७ |
| पकिण्णक चेतसिक | – | ६ |
| अकुशल चेतसिक | – | १४ |
| सोभन साधारण चेतसिक | – | १९ |
| विरति चेतसिक | – | ३ |
| अप्पमञ्ञा चेतसिक | – | २ |
| पञ्ञा चेतसिक | – | १ |
| जम्मा = ५२ वटा चेतसिक | | |

**अशोभन साधारण चेतसिक** – **४ वटा**

(१) मोह – परमार्थ धर्मलाई नजान्नु, अनित्य, दुक्ख, अनात्मको ज्ञान नहुनु
(२) अहिरिक – दुश्चरित्र कर्म गर्न लाज नमान्ने
(३) अनोतप्प – दुश्चरित्र काम गर्न नडराउने
(४) उद्धच्च – चित्त चञ्चल हुने

**३१ वटा भूवन (भूमी)**

| | | |
|---|---|---|
| (१) कामलोक (भूवन) | – | ११ |
| (२) रूपलोक | – | १६ |
| (३) अरूप लोक | – | ४ |
| जम्मा = ३१ वटा | | |

**काम भूवन** – **११ वटा**

| | | |
|---|---|---|
| देवलोक | – | ६ |
| मनूष्यलोक | – | १ |
| अपाय दुर्गती | – | ४ |
| जम्मा = ११ वटा | | |

**अपाय दुर्गती** – ४

(१) नर्क, (२) प्रेत
(३) तिर्थक (४) असुर

कामे अवचरतीति – काम भूवनमा घुमीरहने काम वचर चित्त भन्छि।

**अकुशल चित्त** – १२

**अकुशल चित्त** – **१२ वटा**

| | | |
|---|---|---|
| लोभ चित्त | – | ८ |
| द्वेष चित्त | – | २ |
| मोह चित्त | – | २ |
| जम्मा = १२ | | |

हेतु जम्मा ६ प्रकारका छन्।
ती हुन– अकुशल हेतु– लोभ, देष, मोह।
कुशल हेतु– अलोभ – त्याग
अद्वेष– मैत्री, अमोह – प्रज्ञा। ✪



Downloaded from http://www.dhamma.digital

## (१) महापरित्राण पाठ सम्पन्न

*२०७५ पुष ६ गते*

*स्थान- धर्मकीर्ति विहार धम्महल ।*

यसदिन उपासिका शान्ति मानन्धर (शाक्य)ले उहाँका दिवंगत श्रीमान्को पुण्य स्मृतिमा भिक्षुणी गुरूमांहरूको तर्फबाट दिनभर महापरित्राण पाठको आयोजना गर्नुभएको थियो । महापरित्राण पाठमा निमन्त्रित सबै भिक्षुणी गुरूमांहरू लगायत अन्य उपासक उपासिकाहरूलाई पनि जलपान भोजनको व्यवस्था मिलाइएको उक्त कार्यक्रममा दाता परिवार लगायत उपस्थित अन्य उपासक उपासिकाहरूले पनि महापरित्राण पाठ गर्नुभएका सबै भिक्षुणी गुरूमांहरूलाई दान प्रदान गर्नुभएका थिए ।

भिक्षुणी धम्मवतीको निर्देशनमा सञ्चालित उक्त महापरित्राण पाठ कार्यक्रममा पाठ गर्नुहुने भिक्षुणी गुरूमांहरूको नाम र महापरित्राण पाठको संक्षिप्त विवरण यसरी रहेको छ –

| क्र.सं. | पाठ | पाठ गर्नुहुने गुरूमांहरू |
|---|---|---|
| १. | सामूहिक पाठ | गुरूमांहरू |
| २. | सरणागमन–मेत्तसुत्त | अनोजा – केशावती |
| ३. | खन्ध सुत्त – धजग्ग सुत्त | कुसुम – प्रीतिवती |
| ४. | म्हाकस्सपत्थेर – बोज्झङ्ग सुत्त | चमेली – इन्दावती |
| ५. | गिरिमानन्द सुत्त – इसिगिलि सुत्त | वीर्यवती – शुभवती |
| ६. | धम्मचक्कप्पवत्तन सुत्त | पञ्ञावती – क्षान्तिवती |
| ७. | महासमय सुत्त | करूणावती – ध्यानवती |
| ८. | आलवक सुत्त –कशिभारद्वाज सुत्त | त्यागवती – प्रीतिवती |
| ९. | पराभव सुत्त – वसल सुत्त | खेमावती – अमता |
| १०. | सच्चविभंग सुत्त | वीर्यवती – शुभवती |
| ११. | आटानाटिय सुत्त (क) | त्यागवती – शुभवती |
| १२. | आटानाटिय सुत्र (ख) | करूणावती – ध्यानवती – वण्णवती- सुवण्णवती |
| १३. | सामूहिक पाठ | सबै गुरूमांहरू |

## (२) महापरित्राण पाठ सम्पन्न

*२०७५ पौष २३ गते, सोमबार*

*स्थान- सीता पाइला (Star Home)*

यसदिन उपासक राजेश श्रेष्ठ र शोभा श्रेष्ठ सपरिवारको तर्फबाट उहाँका दिवंगत नाताहरूको पुण्य स्मृतिमा महापरित्राण पाठको आयोजना गर्नुभएको थियो । भिक्षुणी धम्मवती गुरूमांले पञ्चशील प्रार्थना गराउनु भएपछि सामूहिक पाठ प्रारम्भ गर्नुभएको उक्त कार्यक्रममा भिक्षुणी गुरूमांहरूको तर्फबाट दिनभर महापरित्राण पाठ गरिएको थियो । यस कार्यक्रममा निमन्त्रित सम्पूर्ण गुरूमांहरू लगायत उपासकोपासिकाहरूलाई आयोजक परिवारबाट जलपान र भोजनको व्यवस्था मिलाईएको थियो । कार्यक्रमको अन्त्यमा दातापरिवारको तर्फबाट गुरूमांहरूलाई अष्टपरिष्कार लगायत अन्य आवश्यक चीज वस्तुहरू पनि दान प्रदान गर्नुभई पुण्य सञ्चय गर्नुभएको थियो भने कार्यक्रममा उपस्थित अन्य उपासक उपासिकाहरूले पनि दान प्रदान गर्नुभई पुण्य सञ्चय गर्नुभएका थिए । दान प्रदान कार्यक्रम पश्चात् पुण्यानुमोदन गरी सूत्र धागो र जल वितरण गरिएको थियो । उक्त कार्यक्रममा धम्मवती गुरूमांले धर्मदेशना गर्नुभएको थियो भने वीर्यवती गुरूमांले धर्मचक्र प्रवर्तन सूत्रको परिचयात्मक विश्लेषण गर्नुभएको थियो ।

पाठ गरिएका सूत्र विवरण र पाठ गर्नुहुने गुरूमांहरूको नाम–

| क्र.सं. | सूत्र, पाठ विवरण | पाठ गर्नुहुने गुरूमांहरू |
|---|---|---|
| १. | सामूहिक पाठ | सबै भिक्षुणी गुरूमांहरू |
| २. | सरणागमण – मेत्त सुत्त | चमेली, श्रद्धाचारी |
| ३. | खन्ध सुत्त, धजग्ग सुत्त | नन्दावती, सुनन्दावती |
| ४. | महाकस्सपथेर, बोज्झङ्ग सुत्त, महाचुन्दत्थेर सुत्त | इन्दावती, ध्यानवती |



Downloaded from http://www.dhamma.digital

| | | |
|---|---|---|
| ५. | गिरिमानन्द सुत्त, इसिगिलि सुत्त | कुसुम, प्रीतिवती |
| ६. | धम्मचक्कप्पवत्तन सुत्त | वीर्यवती, शुभवती |
| ७. | म्हासमय सुत्त | धम्मविजया, सुमना |
| ८. | आलवक सुत्त, कसिभारद्वाज सुत्त | अमता, क्षान्तिवती |
| ९. | पराभव सुत्त, वसल सुत्त | पञ्ञावती, कुसुम |
| १०. | सच्चविभंग सुत्त | त्यागवती, श्रद्धावती |
| ११. | आटानाटिय सुत्त (क) | दानवती, मेतावती |
| १२. | आटानाटिय सुत्त (ख) | करूणावती, वण्णवती |
| १३. | सामूहिक पाठ | सबै भिक्षुणी गुरूमांहरू |

## विषय- चूल गोपालक सुत्त (मज्झिम निकाय)

*२०७५ माघ २१ गते*
*प्रवचिका- श्रद्धेय इन्दावती गुरूमा*
*प्रस्तुति- सूर्य काजी शाक्य*

यस दिन श्रद्धेय गुरूमांले चूल गोपालक सुत्तको ब्याख्या गर्नुभयो ।

यस सूत्रमा मूर्ख गोठालो र अयोग्य भिक्षु समानस्तरमा राखिएका छ। मूर्ख गोठालोले आफ्ना गाईको वथानलाई गंगा नदीको पारी सकुसल पुऱ्याउन नसके जस्तै अयोग्य भिक्षुले आफ्ना श्रमण भिक्षुहरूलाई यस लौकिक संसारबाट पारी निर्वाणमा पुऱ्याउन सक्दैन ।

तर एउटा कुसल र योग्य भिक्षुले बुद्धिमान गोठालोले आफ्ना गाई वथानलाई गंगा नदिपारी सकुसल पुऱ्याए जस्तै आफ्ना श्रमण भिक्षुहरूलाई यस भव संसारबाट पारी पुऱ्याउन सक्छ ।

वुद्धिमान गोठालोले क्रमै संग वलिया साँढे, वसिया तालिम पाएका गाईहरू, वाच्छा वाच्छीहरू, दुर्वल वाच्छावाच्छीहरू र अन्त्यमा जन्मेर एक दुई दिन मात्र भएका वाच्छाहरूलाई माउ गाईको गर्दनमा बोकाएर पारी सकुसल पुऱ्याउछ । त्यस्तै कुसल र योग्य भिक्षुले पनि गाईका वथानलाई जस्तै भव संसारबाट पारी निर्वाणमा पुऱ्याउँछ ।

यहाँ,

१. अर्हत वलिया साँढे समान छन्, जसले भव संयोजन क्षीण गरी निर्वाण प्राप्त गरी सकेका छन्, सजिलै सित भव संसारवाट पारी पुग्दछ ।

२. अनागामीहरू वलिया र तालिम प्राप्त गाईहरू समान छन्, तिनीहरूले पाँचवटा अवर भागिय संयोजन क्षीण गरी यस लोकमा नआउने भएर देवलोक वाट नै निर्वाण प्राप्त गर्ने हुन्छ। तिनीहरू पनि सजिलै सित भव संसारवाट पारी पुग्दछ ।

३. सकदागामीहरू वाच्छा वाच्छीहरू समान छन्। जसले तिनवटा संयोजन क्षीण गरी यसलोकमा एक पल्टमात्र जन्मेर दुःखको अन्त्य गर्नेछन् । तिनीहरू पनि भवसंसारबाट सजिलै सित पारी पुग्दछ ।

४. सोतापन्नहरू दुर्वल वाच्छावाच्छीहरू समान छन्, तिनीहरू अपाय गतिमा जान नपर्ने भएर संवोधि परायण मार्गमा अग्रसर भई सकेका छन्। तिनीहरू पनि भव संसारवाट पारी पुग्दछ ।

५. कुसल भिक्षुहरूवाट धर्मोपदेश सुन्ने र श्रद्धा राख्न धर्मानुसासीहरू जलौदा समान छन् तिनीहरू पनि मारेका धारलाई नाघेर भवसंसारबाट पारी पुग्ने हुन्छ ।

धर्म प्रचार – समाचार

## शान्ति स्तुप (चैत्य) को जग शिलान्यास

*ने.सं. ११३९ सकिमना पुन्हि (कार्तिक पूर्णिमा)*

नगदेश मध्यपुर थिमि नगर–७, स्थित विद्यालय मार्गमा श्रद्धालु उपासक रत्नबहादुर वाडेको आर्थिक सहयोगमा निर्माण गर्न लागेको शान्ति स्तुप (चैत्य) को शिलान्यास गरिएको समाचार छ। प्राप्त समाचार अनुसार थाइल्याण्डका श्रद्धेय भिक्षु मित्र महास्थविर र श्रीलंकाबाट फर्कनु भएका श्रद्धेय श्रामणेर नन्दद्वारा परित्राण पाठ गर्नुभई सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा नगर प्रमुख मदन सुन्दर श्रेष्ठ र नगर उप प्रमुख श्रीमती अञ्जना देवी मधिकर्मीज्यूबाट, शान्ति स्तुप चैत्यको जग संयुक्त रूपमा शिलान्यास गरिएको थियो ।

Downloaded from http://www.dhamma.digital

*आवरण चित्र परिचय*

# सधैं सुखी तथागत

*लेखक*- **कल्याण मित्र सत्यनारायण गोयन्का**

*अनुवाद*- **वीर्यवती**

सिंसप-वन। गाउँमा आवत जावत गर्ने बाटो। हेमन्त ऋतुको थरथर काँपिने ठण्डी रात बितेर शीतल बिहानी पख। माघ र फागुणको बीचको आठ दिनको समय। हिमपात भइरहेको थियो। गाईहरूको खूरको छाप गाडिएको समतल नभएको भूमी। रूखहरूमा अलि अलि मात्र पातहरू बाँकी छन्। अरू सबै झरिसकेका छन्। चारै दिशाहरूमा नाँगा रूखहरूमा हानिन्दै सरसर स्वर निकाल्दै ठण्डी हावाको झोंकाहरू बहिरहेका छन्। फलस्वरूप रूखहरूमा बाँकी रहेका केही पातहरू पनि हावाको झोंकाले गर्दा जमीनमा झरिरहेका छन्। ठण्डी हावा छेक्नका लागि रूखका पातहरूको बाक्लो झुप्पा थिएनन्। रूखमुनि झरिरहेका पातहरू पनि हावाको झोंकाले एताउता छरिएर गइरहेका छन्। नांगो धरतीमा नाम मात्रका केही पातहरू एताउता छरिरहेका छन्। त्यही रूखमुनि भगवान् बुद्ध चीवर ओछ्याई बस्नु भएको थियो ।

पैदल घुम्दै टहलिंदै आइरहेका आलवक राजपुत्रले भगवान् बुद्ध नांगो धरतीमा रूखका सुकेका केही पातहरू माथि बस्नु भएको देखी आश्चर्य मान्दै भगवान् समक्ष बसी प्रश्न सोध्न थाल्यो–

"भन्ते भगवान ! तपाइँ राती सुखपूर्वक सुत्नु भयो ?

भगवान्– हो कुमार म सुखपूर्वक नै सुतें। संसारमा सुखपूर्वक सुत्नसक्ने जति पनि व्यक्तिहरू छन्, ती मध्ये म पनि एक हुँ।

आलवक राजपुत्र– भन्ते भगवन ! सुत्नको लागि तपाइँसंग न ओछ्यान नै छ, ओढ्नको लागि न कम्बल नै छ। भुइँमा ओछ्याउनको लागि, ओढ्नको लागि र मात्र एउटा पातलो चीवर मात्र छ। चारैतर्फबाट काँप्न लगाउने शीतऋतुको ठण्डी हावा बहिरहेका छन्। तै पनि तपाइँले सुखपूर्वक सुतें भन्नु भयो।

भगवान्– "म जहिले पनि जुन अवस्थामा पनि सुखपूर्वक नै सुत्ने गर्छु।" अग्लो महलको बन्द कोठाभित्र जहाँ झ्यालहरू सबै बन्द छन् जहाँ हावा पस्दैन, मोटो डसना ओछ्याइएको पलङ्गमा ओढ्नको लागि ऊनको कम्बल छ। शीर र पाऊ मुनि नरम तकियाहरू राखिएका छन्। चारजना श्रीमतीहरूले सेवा गरिरहेका हुन्छन्। कुमार ! के त्यस्तो व्यक्ति मात्र सुखपूर्वक सुत्ने गर्छ ?

आलवक राजपुत्र– "हे भगवान् ! त्यस्तो व्यक्ति सुखपूर्वक सुत्न सक्छ।"

भगवान्– "कुमार ! त्यही समयमा उसको मनमा कुनै प्रेमिका प्रति कामराग चित्त उत्पन्न हुन्छ भने यस सम्वेदनाको कारणले उसको शरीर जल्न थाल्छ। मन पोल्न थाल्छ। के यस्तो जलन भइरहेको अवस्थामा त्यो व्यक्ति दुःखी बन्दैन ?

आलवक राजपुत्र– "दुःखी हुन्छ भन्ते !"

भगवान्– यसरी नै कोही व्यक्ति प्रति द्वेष भाव उत्पन्न गरी द्वेष रूपी अग्निमा जलिरहेको छ भने के उ दुःखी हुँदैन ?

आलवक राजपुत्र– "हो दुखी त हुन्छ भन्ते !"

भगवान्– यसरी नै कुनै व्यक्तिप्रति मोह चित्त उत्पन्न गरी मोहको अग्निमा जलिरहेको छ भने त्यस अवस्थामा त्यस व्यक्ति दुःखी हुँदैन र ?

आलवक राजपुत्र– "दुःखी हुन्छ भन्ते !"

भगवान्– "कुमार! तथागतको मनमा राग, द्वेष र मोह संधैको लागि नष्ट भइसक्यो। यी क्लेशहरूको जरा सबै नाश भइसके। त्यसैले यी जराहरू फेरि पलाएर आउन सक्दैन। त्यसैले. म सधैं सुखपूर्वक सुत्ने गर्छु।"

**सब्बा आसत्तियो छेत्वा, विनेय्य हदये दरं**
**उपसन्तो सुखं सेति, सन्ति पप्पुय्य चेतसो।**

*(अङ्गुत्तर निकाय, १,३,३५, हत्थकसुत्तं)*

जसले सबै आशक्तिहरूलाई काटी हृदयको दुःखहरूलाई हटाउने गर्छ, जसको चित्तले शान्ति प्राप्त गर्छ, यस्तो उपशान्त व्यक्ति मात्र सुखपूर्वक सुत्ने गर्छ। यस विषयमा अन्य एक परम्परामा यसरी भन्ने गरिएको छ–

**शीतोष्णसुखदः खेषु समः सङ्गविवर्जितः ॥**

*– भगवद्गिता (१२,१८)*


जुन व्यक्ति आसक्तिहरूबाट विमुक्त छ, उसको लागि सर्दी र गर्मी सुख र दुःख समान नै हुन्छ। ☸

मुद्रकः न्यू नेपाल प्रेस १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं | फोनः ४४३४८५०, ४४३४७५३ | email: newnepalpress011@gmail.com

Downloaded from http://www.dhamma.digital

# THE DHARMAKIRTI

## A BUDDHIST MONTHLY



साभार: बुद्ध जीवन चित्रावली - आचार्य सत्यनारायण गोयन्का

आलवक राजपुत्रलाई बोध गर्नुहुँदै भगवान् बुद्ध

वर्ष-३६; अङ्क-१० बु.सं. २५६२, मिला पुन्हि

Downloaded from http://www.dhamma.digital

# ठूलोपन देखाउनु हुँदैन

- भिक्षुणी धम्मवती

ठूलोपन देखाउनु हुन्न रे । किनकि पछि ठूलो दुःख भोग्नु पर्ला । ठूलोपन देखाउनु भन्नु नै नजान्नेहरूले केहि जानेमा, नहुनेहरूसँग केही पैसा र घर भएमा हुने अभिमान हो । तर यो सबैलाई हुने त होइन । होश नहुनेहरू, खराब विचार हुनेहरू र अनि बुद्धिहीनहरू सँग मात्रै ठूलोपना देखा पर्दछ । त्यसैले हामीकहाँ एउटा अर्के उखान पनि छ – नमच्चिने पिङ्गको सय झड्को । साच्चै विवेक बुद्धि हुनेहरू अभिमानले गमक्क हुँदैन । नमच्चिने पिंङ्गले झड्का खुवाए जस्तै ठूलो हुँदैमा केहि गर्न सक्दैन । त्यसैले धन बढ्दै गए पनि विवेक बुद्धि भएमा ठूलोपना आउँदैन । बडाईपना देखाउनु नै पतनको कारण हो । यो कुरा बुझाउनलाई एउटा कथा अगाडि राख्छु –

पहिले पहिले विदेह राष्ट्रको मिथिलामा विदेह भन्ने राजाले राज्य चलाइराखेको थियो । त्यसबेला बोधिसत्त्वले उही विदेह राजाको अग्रमहारानीकी कोखमा जन्म लिए । ठूलो भैसकेपछि त्यो राजकुमार दिसापामोक्ष गुरूकहाँ गई धेरै शास्त्र विद्यामा पारंगत भै आफ्नो देशमा विदेह राजा भए । राजा भएता पनि कुनै कुनै दिन चार आठ घोडे बग्गीमा बसी देशमा घुम्न आउने गर्थ्यो । देशवासीहरूले धेरै भक्तिभावका साथ स्वागत सत्कार गरेर उत्सव मनाउने गर्दथे । त्यतिबेला विदेह देशको एक जंगलमा थुप्रै स्वर्णहंस (सुनका हाँसहरू) बस्थे । त्यहाँ बस्ने स्वर्णहंसराजको आफ्नै स्वर्णहंसनी स्वास्नी र दुईटा छोरा हुँदा हुँदै पनि देश (शहर) मा बस्ने काग एउटी संग प्रेम र संभोग गरेर काग जस्तो पनि नदेखिने हँसराज जस्तो पनि नदेखिने एउटा खच्चर छोरो जन्मेछ । त्यसलाई बिनिलक भन्ने नामकरण गरे । त्यो सुवर्ण राजहँस त्यहि काग पत्तिबाट जन्मेको खच्चर बिनिलकको मायाले गर्दा बरोबर शहरमा जाने गर्दथ्यो । यसरी बुबा हँसराज बरोवर शहरमा जाने थाहा पाएर हाँसका छोराहरूले भने– "बुबा ! किन तपाईँ बरोबर मान्छेहरू धेरै भएको शहरमा जानु हुन्छ ? चाहिदै नचाहिकन त्यसरी बरोबर जानु हुँदैन । साह्रै खराव मान्छेहरू पनि हुन्छन् । ती खराब मान्छेहरूले देखेमा तपाईलाई पनि दुःख दिनेछन् ।"

छोराहरूले रोके पछि बाबु चाहिं सुर्वण हँसलाई अप्ठ्यारो परेको हुनाले आफ्नो मनको कुरा पोखे– "हो शहरमा बस्ने एउटी कागसँग मैले सहवास गरें । उसबाट एउटा छोरो पाएँ । उही छोरोको मायाले म बरोबर शहर जाने गर्दछु ।"

अनि छोराहरूले भने- " त्यसो भए तपाईँको त्यो काग-पुत्र यहिं ल्याइदिनेछौं । उ कहाँ छ, ठाउँ मात्रै भनि दिनुस् ।" ठेगाना सोधी बाबुको सुरक्षाको लागि र इच्छा पूर्तिको लागि काग कान्छीआमा र छोरो भएको ठाउँमा गई काग कान्छी आमासंग काग भाईलाई मागेर एउटा फराकिलो बाँसको फल्याक ल्याई त्यसमा बिनिलकलाई बसाली सुवर्णहंस, दुई दाजु भाइले बाँसको दुबै तर्फ पक्री सरासर आकाश मार्गबाट उडेर आइराखेको. बेलामा उनीहरू देशको माथि पुगे ।

त्यतिकै बेला मिथिला देशको विदेह राजा पनि सेतो घोडाले तानेको रथमा बसी उत्सव गरी आइराखेको त्यो कागले देखेछ । अनि उसको मनमा अभिमान उठेछ । अनि उसले भने– "भो विदेह राजा, तिमी र ममा केही फरक छैन । म पनि भाग्यमानि छु, तिमी पनि भाग्यमानि छौ तिमी सेतो घोडाले तानेको बग्गीमा बसेर जमीनको मार्गबाट जाँदैछौ; म सुवर्ण हँसराजहरूले तान्न लगाई आकाशको मार्गबाट आउँदै छु ।" यसरी कागले अभिमान गरेको देखेर हँसराजहरूलाई रिस उठ्यो । त्यहि बाटो मै खसाली देऊँ कि भन्ने पनि मनमा उठ्यो । तैपनि बुबाको इच्छा पुरा गर्ने वचनले गर्दा सहेर बोकेर ल्याई बुबाको अगाडि राखेर त्यो खच्चर कागले बाटोमा फुर्ति गरेको बुबा चाहिंलाई सुनाए ।

यो कुरा सुनेर बुबा हँसराजलाई धेरै चित्त दुखेछ । मेरो आफ्नै भूलले गरेर सानोजातको कागसँग सहबास गरि सकें । त्यसैले यो सानो जातको कागले मेरो हँसजातका छोराहरूलाई नोकरजस्तै गरेर अपमान गऱ्यो । यो ठूलो बन्न खोज्ने कुबुद्धिलाई ठूलो बनाउन हुन्दैन भन्ने बिचार गरी हँस छोराहरूलाई भने– "लौ छोराहरू, यो ठूलो पन देखाउनु पर्ने कागको बच्चालाई यहाँ राखेर ठिक हुँदैन । तिमीहरू गएर यो कागलाई फेरि यसको आमा कहाँ नै राख्न लग ।" भनी पठाए । कागको बच्चा कागै रह्यो । हँसराजहरूको समुहमा बस्न पाएन । ठूलोपन देखाएमा त्यो ठूलो ठाउँबाट खस्ने छ । त्यसैले ठूलोपन देखाउनु हुँदैन । ❖

*( साभार- उखानको कथा संग्रह )*

Downloaded from http://www.dhamma.digital